का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ जेठ २०७९,
आइतबार
29 May 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न






## फैसलाविरुद्ध नेताहरु एकमत


प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको स्केच

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

सर्वोच्च अदालतको पूर्ण इजलासले बिहीबार बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल नबनाउनू भनेर आदेश दिएपछि दलका शीर्षस्थ नेताहरुले आपत्ति जनाएका छन् । अदालतको निर्णय विकास विरोधी र विवेक सम्मत नदेखिएको भन्दै नेताहरुले आपत्ति जनाएका छन् । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अदालतले गरेका कतिपय निर्णयले देश विकासमा अवरोध भएको र सर्वोच्च अदालतको निजगढ विमानस्थल सम्बन्धी निर्णय पनि त्यसकै नमूना भएको बताएका छन् ।

> निजगढमा अन्तरर्राष्ट्रिय विमानस्थल नबनाउनू भनेर सर्वोच्च अदालतले दिएको आदेशविरुद्ध राजनीतिक नेताहरुको अभूतपूर्व एकता देखिएको छ । अदालतको निर्णय विकास विरोधी र विवेक सम्मत नभएको भन्दै लगभग सबै दलका नेताहरुले आपत्ति जनाएका छन् ।

'किनभने अहिले जुन वातावरणको कुरा गरिएको छ । वन संरक्षणको कुरा अघि ल्याइएको छ; मैले घटनास्थलमै गएर हेरेको छु, अब एयरपोर्ट बनाउनका लागि एउटा रुख पनि काट्नुपर्दैन, अलरेडी वन सकिइसकेको छ । बस्ती बसिसकेको छ । वन मासेर बस्ती बसिसकेको छ । अब त्यो बस्तीलाई सारेर त्यहाँ एयरपोर्ट बनाउनु छ' नेता पौडेलले भने ।

यो निर्णय विवकेसम्मत भएन; अदालतले निर्णय सच्याउनुपर्छ,' उनले भने, 'सर्वोच्चका माननीय न्यायाधीशहरू उतै गएर हेर्नुहोस् न देख्नुहुन्छ नि ! जंगल बचाउन प्रशासन सक्रिय हुनुपर्छ । मिलेमतोमा देशको सारा जंगल तस्कर गराउनु भएन ' उनले भने ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले पनि निजगढ विमानस्थल बनाउन रोक लगाउनु दुखद् भएको बताएका छन् । 'यो मास्टर प्लान तयार भइसकेको स्थितिमा। झन्डै ३ अर्ब रुपैयाँ नागरिक उड्डयन प्राधिकरणले खर्च गरिसकेको अवस्थामा, जग्गाहरू अधिग्रहण गरिसकेको अवस्थामा, अझै त्यसैको लागि नै २ खर्ब रुपैयाँको फास्ट ट्र्याक त्यति खर्च भइसकेको स्थितिमा', उनले भने, 'फास्ट ट्र्याक त्यही कामको निम्ति बनाउने अवस्थामा अहिलेको निम्ति जम्मा १९ सय हेक्टरभित्र ४ हजार मिटरको रनवे बनाएर त्यसलाई काम अगाडि बढाउन सकिने अवस्थामा रोकिएको कुरा सुन्नमा आयो। बडो दुःख लाग्यो मलाई' उनले भनेका छन् । अध्यक्ष नेपालले विमानस्थल निर्माण रोक्ने सर्वोच्च अदालतको फैसलामा पुनर्विचार हुनुपर्ने समेत बताएका छन् ।

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले निजगढ विमानस्थल बनाउन नपाउने गरी गरेको सर्वोच्चको निर्णय दुर्भाग्यपूर्ण भएको बताएका छन् । 'निजगढमा अन्तरर्राष्ट्रिय विमानस्थल बनाउन नपाउने गरी आज सर्वोच्च अदालतले गरेको फैसला दुर्भाग्यपूर्ण छ । यसले कार्यकारी क्षेत्राधिकार त अतिक्रमण गरेको छ नै, नेपालको राष्ट्रिय सामार्थ्य र विकासको सम्भावनामाथि पनि आँच पुऱ्याएको छ । आखिर कसरी र कसको हितमा हुन्छन् यस्ता फैसला ?' उनले भने ।

नेकपा एमालेका सचिव एवं पूर्वपर्यटनमन्त्री योगेश भट्टराईले पनि सर्वोच्चको निर्णय घातक भएको बताएका छन् । 'निजगढ अन्तराष्ट्रिय विमानस्थलका बारेमा सर्वोच्च अदालतको निर्णय अत्यन्तै घातक र प्रतिगामी छ । नेपालको हवाई उड्डयनको गेम चेन्जर आयोजना र त्यस मार्फत मुलुकको सम्मृद्धिको यात्रामाथिको बलपूर्ण हस्तक्षेप हो । माननीय न्यायधीशज्यूहरु यो निर्णय सच्याउनु होस ' उनले भने । नदी तटबन्ध, मुआब्जा, चारकिला, तार घेरा लगायतमा एक अर्ब खर्च भईसकेको उक्त आयोजना किन रोकियो भन्दै प्रश्नहरु भने उठिरहेका छन् । आगामी आर्थिक वर्षको – बाँकी पृष्ठ २ मा

गैरदलीय जनप्रतिनिधि

## नलुकेको भय

निर्वाचन आयोगका अनुसार देशभर पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य समेत गरी ३८५ जना जनप्रतिनिधिहरु गैरदलीय जनप्रतिनिधिका रुपमा निर्वाचित भएर आएका छन् ।


यो राजनीतिक दलहरुलाई पक्कै पनि चुनौती हो । काठमाडौं र धरानका जनताले समग्रमा प्रश्न खडा गरेकै हो । हामीलाई आफ्ना कमजोरी सच्याउन अवसर पनि हो । चुनौती पनि हो । दुवै मेयरलाई बधाई र धन्यवाद ।
**पुष्पकमल दाहाल 'प्रचण्ड'**, अध्यक्ष, नेकपा माओवादी केन्द्र


अहिले प्रशंसा र सहकार्यका लागि गैरदलीय जनप्रतिनिधिलाई नेताहरुले गरेको आग्रहको भित्रि मनसाय, त्रास र उदेश्य प्रदेश र संघीय चुनाव नै हो भन्न हिचकिचाउनुपर्दैन ।
**ममता शर्मा**, समाजशास्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

गत स्थानीय तहको चुनावमा काठमाडौं महानपालिका सहित देशका विभिन्न पालिकामा गैरदलीय जनप्रतिनिधि निर्वाचित भएर आएका छन् । निर्वाचन आयोगका अनुसार देशभर पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य समेत गरी ३८५ जना जनप्रतिनिधिहरु गैरदलीय जनप्रतिनिधिका रुपमा निर्वाचित भएर आएका छन् ।

जसलाई स्वीकार्न राजनीतिक दलका शीर्ष नेताहरुलाई सकस परेको छ । सकस परेपछि शीर्ष नेताहरु गैरदलीय जनप्रतिनिधि प्रसंसा गर्न थालेका छन् ।

शनिबार मात्रै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले काठमाण्डौं महानगरपालिकाका नवनिर्वाचित मेयर बालेन्द्र साह (बालेन) र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ राई गणतन्त्रको फूलबारीका विशिष्ट फूल भनी प्रशसंसा गरे ।

संघीय संसदमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि शनिबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले बालेन र हर्कको विजयलाई आफूले संघीय गणतान्त्रिक लोकतन्त्रको फूलबारीभित्र दुई वटा फूलहरु फक्रिएको ठानेको उल्लेख गरे । उनीहरुलाई संविधान र संघीय गणतन्त्रको सीमाभित्र बसेर राजनीतिक दलहरुसँगको सहकार्यमा मतदाताबीच आफूहरुले गरेका बाचा पूरा गर्न प्रचण्डले सुझाए ।

'काठमाण्डौं र धरानमा दुई युवा उम्मेदवार विशिष्ट रुपमा आए । संघीय लोकतन्त्रको फूलबारी भित्र । काठमाण्डौं – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## संख्या सयको समस्या समाधान विवाद मन्त्रालयमा माथापच्ची

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ ।

वैदेशिक रोजगार व्यवसायीको ईजाजतपत्र नवीकरण गर्ने गरी कानूनी प्रबन्ध गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उच्च अधिकारीहरू सकसमा परेका छन् ।

म्यानपावर कम्पनीको ईजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको हुनुपर्ने गरी वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन गरी कानूनी व्यवस्था गरिएको भएपनि हालसम्म त्यसको हुबहु कार्यान्वयन हुन सकेको छैन । कोरोना भाइरसको विश्वव्यापी महामारीले नेपाली कामदार वैदेशिक रोजगारीमा जान नपाएपछि मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐनको बाधा अड्काउ सम्बन्धी व्यवस्था अनुसार आदेश जारी गराएर म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गरिएको थियो ।


म्यानपावर कम्पनीको ईजाजत नवीकरण गर्ने मन्त्रिपरिषद्का पछिल्ला दुई निर्णयको भाषा फरक-फरक छ । २०७७ साल असार २९ गते मन्त्रिपरिषद्ले गरेको बाधा अड्काउ फुकाउ आदेशमा लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका ईजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गरिदिने र नवीकरण भएका ईजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ अर्थात् असार मसान्तमा लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि २०७८ सालको असार मसान्तसम्म कम्तिमा दुई सय जना कामदार पठाएको हुनुपर्ने शर्त राखी बाधा अड्काउ फुकाउने निर्णय गरेको थियो ।

गतवर्ष असार १४ गते भएको मन्त्रिपरिषद् निर्णयमा कोरोना भाइरसको कारणले वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्था कार्यान्वयन गर्न बाधा परेकाले आर्थिक वर्ष २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ मा वार्षिक रूपमा न्यूनतम एक सय जना कामदार नपठाएका कम्पनी आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गराउन आएमा नवीकरण गरिदिने भन्ने उल्लेख छ ।

अघिल्लो निर्णयमा संख्याको प्रावधान उल्लेख भएपनि पछिल्लो निर्णयमा संख्या उल्लेख छैन । चालू आर्थिक वर्षमा पनि विविध कारणले म्यानपावर कम्पनीले कामदार सहजरूपमा पठाउन पाएका छैनन् । जसका कारण एक तिहाइभन्दा बढी म्यानपावर कम्पनीले सयजना कामदार पठाउन नसकेको बताइन्छ ।

वैदेशिक रोजगार व्यावसायी संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, – बाँकी पृष्ठ २ मा

## गठबन्धनको लाभ कांग्रेसलाई




तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग र नेकपा एमाले विभाजनपछि बनेको सत्तारुढ गठबन्धनको लाभ नेपाली कांग्रेसले लिएको छ । सत्ता साझेदार कम्युनिष्टहरुकै गठबन्धनबाट कांग्रेस सवैभन्दा ठूलो दल बनेको छ ।

**अशोक घिमिरे/रासस**
काठमाडौं, १४ जेठ ।

स्थानीय तह निर्वाचन सकिएको छ । गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनाको अन्तिम परिणाम लगभग आइसकेको छ । बाजुराको बूढीगङ्गा नगरपालिकामा मतदान हुन बाँकी छ भने उदयपुरको त्रियुगा नगरपालिकामा मतगणना जारी छ ।

नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो स्थानीय तह निर्वाचनमा प्राप्त मतपरिणामका आधारमा खासगरी राष्ट्रिय राजनीतिक दलको अवस्थाको मूल्याङ्कन भइरहेको छ । करिब एक वर्षअघि मुलुकको सबैभन्दा ठूलो दल नेपाल कम्युनिष्ट पार्टीमा आएको फुटपछि बनेको पाँच दलीय गठबन्धन सरकार स्थानीय तहको निर्वाचनमा पनि सहकार्यका साथ गएको तथा संसद्को – बाँकी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
Receptionist - 2 Female
+2 passed /Bachelor running,
Smart & Energetic, Read, Write and speak English skill is must.
Salary Attractive
Office Boy - 2 Male
+2 passed, Basic computer knowledge, having 2 wheeler license compulsory
send cv : info@palhioverseas.com, palhioverseas2006@gmail.com
पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
Website: www.palhioverseas.com
Tel: 01- 4015655, 4015792 Mobile: 9801212601

# आज गणतन्त्र दिवस



**काठमाडौं/मस-** मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरिएको अवसरमा आज गणतन्त्र दिवस मनाइँदै छ।

जनआन्दोलन २०६२/६३ को जगमा भएको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । दुई सय ३८ वर्ष लामो शाहवंश राज परम्पराको अन्त्यको घोषणा भएको उक्त दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । सरकारले गणतन्त्र दिवस त्रि-द्विवसीय कार्यक्रमका साथ मनाउँदै छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको गणतन्त्र दिवस-२०७९ मूल समारोह समितिको बैठकले गणतन्त्र दिवस तीन दिनसम्म विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको थियो । यही जेठ १४, १५ र १६ विशेष कार्यक्रम गरिँदैछ।

समितिले जेठ १४ गते साँझ संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले राष्ट्रिय झण्डा एवं व्यानर सजाएर साँझ दिपावली गरेको छ । आज राष्ट्रपति विद्यादेवी भण्डारीको समुपस्थितिमा सैनिक मञ्च टुँडिखेलमा मूल समारोह आयोजना गरिने समितिका सदस्यसचिव तथा गृहसचिव टेकनारायण पाण्डेले जानकारी दिए । आज हेलिकोप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शनसमेत गरिने छ।

आज साँझ आम नागरिक र सरकारी तथा सार्वजनिक कार्यालयहरूले आ-आफ्नो घर, कार्यालय एवं सार्वजनिकस्थलहरूमा दिपावली गर्ने कार्यक्रम तय गरिएको छ।

यस्तै जेठ १६ मा रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट जागरण गीत प्रसारण गर्ने तथा देशवासी र सरकारी तथा सार्वजनिक निकायले आ-आफ्नो घर, कार्यालय एवं सार्वजनिकस्थलहरूमा साँझ दिपावली गर्ने कार्यक्रम तय भएको छ।

त्यस्तै विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा वाणिज्य दूतावासहरूमा राष्ट्रिय झण्डा फहराउने र दीपप्रज्वलन गर्ने निर्णय पनि मूल समारोह समितिले गरेको छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट प्राकृतिक एवं सांस्कृतिक विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा वाणिज्य दूतावासहरूमा पठाउने कार्यक्रम तय भएको छ। उपत्यका बाहिरका प्रदेशका राजधानी, जिल्ला र स्थानीय तहहरूमा सरकारी कार्यालय/निकाय एवं प्रतिष्ठानहरूमा राष्ट्रिय झण्डा फहराएर १४, १५ र १६ जेठमा साँझ दिपावली गर्ने कार्यक्रम तय भएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाका संयोजकत्वमा सरकारका मन्त्री, संवैधानिका निकायका प्रमुख, प्रधानसेनापतिसहित सुरक्षा निकायका प्रमुखलागयत रहने गरी मूल समारोह समिति गठन गरिएको छ। समितिको सदस्यसचिवमा गृहसचिव पाण्डे रहेका छन्।

मूल समारोह समितिबाट प्रचार-प्रसार, मञ्च सजावट तथा व्यवस्थापन, ग्राउण्ड कवाज एवं व्यायाम व्यवस्थापन उपसमिति पनि बनाइएको छ । तत्कालीन संविधानसभाले २०६५ जेठ १५ गते नेपालबाट राजतन्त्र हटाएर गणतन्त्र घोषणा गरेको थियो । सोही दिनको सम्झनामा हरेक वर्ष जेठ १५ मा विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइन्छ।

### ८३४ कैदीले पाए सजाय माफी

राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न अदालतको आदेशबाट कैद सजाय भोगिरहेका ८ सय ३४ जना कैदीको कैद सजाय माफ गरेकी छिन्। मन्त्रिपरिषद्को जेठ १० र १३ गतेको सिफारिसमा गणतन्त्र दिवस, २०७९ को अवसरमा ती कैदीको सजाय माफी गरिएको हो। राष्ट्रपतिले विभिन्न अदालतबाट तोकिएको कैद सजाय भुक्तान गरेका र असल चालचलन भएका खड्ग श्रेङ लिम्बुसमेतका २७१ जना र नरबहादुर साँवासमेतका ५४७ तथा उमाकान्त पराजुलीसमेतका १६ जनालाई २०७९ जेठ १५ गतेदेखि माफी मिनाहा गरेकी हुन्।

# वृन्दावनका मेयर कुर्मीले नवनिर्वाचित जनप्रतिनिधिलाई सपथ गराए



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ जेठ

वृन्दावन नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरुले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । नगरका मयेर विनोद प्रसाद कुर्मीले उपमेयर संगिता कुमारी रामसहित सबै वडा अध्यक्ष र वडा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । विश्रामपुर स्थित नगरपालिकाको प्रांगणमा आयोजना गरिएको कार्यक्रममा प्रदेश सांसद हसिमा खातुनको प्रमुख आतिथ्यता रहेको थियो । ९ वटा वडा रहेको नगरपालिकामा एकीकृत समाजवादीले ५ माओवादी केन्द्रले ३ र एमालेले एक वडा जितेका छन्।

कार्यक्रममा बोल्दै नगर प्रमुख कुर्मीले जनताले दिएको जिम्मेवारी राम्रोसँग निर्वाह गर्ने बताएका छन्। साथै उनले कर्मचारीहरुलाई कार्यालय समयमा अनिवार्य उपस्थित भई आफ्नो कर्तव्यलाई राम्रोसँग निर्वाह गर्न निर्देशन दिएका छन्।

शपत ग्रहण गरेलगत्तै उनले दुई वटा महत्वपूर्ण निर्णय गरेका छन्। पहिलो, वृन्दावन क्षेत्र अन्तर्गत संचालित वर्थिङ सेन्टरहरुलाई आवश्यक उपकरणसहित व्यवस्थित गरी निःशुल्क रुपमा गर्भपरीक्षणको साथै प्रसुति सेवा उपलब्ध गराइने र नगरभित्रका वर्थिङ सेन्टरमा सुत्केरी गराउन नसक्ने अवस्था आएमा अन्यत्र लैजानका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिने छ।

यस्तै, दोस्रोमा नगरपालिकाबाट सम्पादन हुने पञ्जिकरण, जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता र नागरिकताको सिफारिसका लागि कुनै शुल्क तिनुपर्ने छैन । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, स्थानीय भद्रभलादमी, बुद्धिजिवीहरु, पत्रकार लगायतको उपस्थिती रहेको थियो।

# सरसफाईमा जुटे रम्भाका वडाध्यक्ष

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर, १४ जेठ



पाल्पाको रम्भा गाउँपालिका-१ का वडाध्यक्ष ईश्वर काफ्लेको नेतृत्वमा सरसफाई कार्यक्रम भएको छ । 'पर्यावरण जोगाऊ स्वस्थ बनौं, प्लाष्टिक नियन्त्रण गरी उर्वरा बढाऊ' भन्ने अभियानका साथ वडाध्यक्ष काफ्लेसहित वडा सदस्य खेमानन्द अधिकारी र स्थानीयको सक्रियतामा सरसफाई कार्यक्रम भएको हो।

गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा सडक आसपास क्षेत्रमा थुप्रिएका प्लाष्टिकजन्य फोहोरमैला सरसफाई गर्ने काम भएको स्थानीय ऋषिराम अर्यालले बताए।

हरेक हप्ताको शनिबार गाउँ, टोलमा सरसफाई कार्यक्रम गर्ने वडाध्यक्ष काफ्लेले बताए । सामाजिक क्षेत्रमा सक्रिय वडाध्यक्ष काफ्लेले प्रत्येक नागरिकले घर-घरबाटै सरसफाई अभियानमा सहभागी भएर आफ्नो गाउँघर सफा र सुन्दर बनाउन सकिने बताए।

# कारागारभित्रको आत्महत्या प्रकरणमा छानबिन समिति गठन

**काठमाडौं/मस-** गृह मन्त्रालयले जेठ ४ गते कारागार कार्यालय रोल्पाका बन्दी सुन्दर हरिजनको आत्महत्या घटनाको छानबिन गर्न समिति गठन गरेको छ। कारागार व्यवस्थापन विभागका निर्देशक झरेन्द्रप्रसाद चापागाईंको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयले उक्त घटना कसरी घटेको हो र सो सम्बन्धमा के कसो भएको हो भनी स्थलगत रूपमा अध्ययन, अनुसन्धान र छानबिन गरी १० दिनभित्र प्रतिवेदन पेस गर्न समितिलाई निर्देश गरेको छ । समितिको प्रतिवेदनपश्चात् घटनाको सत्यतथ्य उजागर हुने र भविष्यमा यस्ता घटना हुन नदिन सुधारका उपाय अवलम्बन गरिने मन्त्रालयले जनाएको छ।

# बाजुरामा मतगणनाको माग गर्दै एमालेद्वारा विरोध प्रदर्शन

**देबराज पाध्याय/मध्यान्ह**
**बाजुरा १४ जेठ**

बाजुराको बुढीगंगा नगरपालिकामा पुनः निर्वाचन गर्ने आयोगको निर्णयप्रति नेकपा एमाले बाजुराले आपत्ति जनाएको छ। आयोगले जनमतविरुद्ध निर्णय गरेको भन्दै एमालेले विरोध प्रदर्शन गरेको हो । विरोध प्रदर्शनमा निर्वाचन आयोग मुर्दावाद, दिनेश थपलीया मुर्दावाद, परमादेशी सरकार मुर्दावाद लगायतका नारा लगाइएको थियो।

जनताको मतको कदर नगरी सत्ता र शक्तिका आडमा सरकारले पुनः निर्वाचन गर्ने निर्णय गरेको भन्दै एमालेका कार्यकर्ताले जिल्ला सदरमुकाम मार्तडीमा विरोध प्रदर्शन गर्दै साँफे मार्तडी सडक खण्ड समेत अवरुद्ध गरेका थिए। गत वैशाख ३० गते भएको निर्वाचनमा नेकपा एमालेले वडा नम्बर २, ३, ५ र ९ मा बुथ कब्जा गरेको कांग्रेसको आरोप छ। यस्तै वडा नम्बर ४ र ७ मा कांग्रेसले बुथ कब्जा गरेको एमालेको आरोप छ। जनताले गरेको मतदानको कदर गर्दै यथासिघ्र मतगणना हुनुपर्ने माग एमालेको छ भने काग्रेसले पुनः निर्वाचनको माग राख्दै आएको छ।

निर्वाचन आयोगले गत बिहीबार बुढीगंगा नगरपालिकामा पुनः निर्वाचन गर्ने निर्णय गरेको थियो। यस्तै वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा सुरक्षा व्यवस्थामा गम्भीर लापरबाही गरेको भन्दै बाजुराका प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौड्याल, प्रहरी प्रमुख एवं प्रहरी नायव उपरीक्षक चतुरभुज ओझा र सशस्त्र प्रहरीका प्रहरी नायव उपरीक्षक दिपक बिष्टलाई तीन दिन भित्र हटाउन निर्देशन दिएको थियो।

## गैरदलीय...

र धरानमा दुई वटा फूलहरु फक्रिएको ठान्छु', उनले भने, 'यही संविधानकै फूलबारीभित्र ।' उनले बालेन र हर्कको जितलाई राजनीतिक दलले आफ्नो रुपान्तरण र आत्मसीक्षाको अवसरका रुपमा ग्रहण गर्न सक्नुपर्नेमा जोड दिए।

प्रचण्डले स्वतन्त्र उम्मेदवारप्रति मतदाता आकर्षित हुनुले राजनीतक दलहरुले आफ्ना नीतिहरुमा पुनर्विचार गर्ने, आत्म समीक्षा गर्नुपर्ने, उम्मेदवार छनोटमा त्रुटि सच्याउनुपर्ने देखिएको उल्लेख गरे । 'यो राजनीतिक दलहरुलाई पक्कै पनि चुनौती हो। काठमाण्डौं र धरानका जनताले समग्रमा प्रश्न खडा गरेकै हो। हामीलाई आफ्ना कमजोरी सच्याउन अवसरर पनि हो। चुनौती पनि हो। दुवै मेरयलाई बधाई र धन्यवाद', उनले भने।

यसअघि संसदमै पूर्वप्रधानमन्त्री झनाख खनालले गैरदलीय जनप्रतिनिधिहरु निर्वाचित हुन दलीय व्यवस्थाकै लागि चुनौती भएको बताएका थिए। दलहरुप्रतिको अविश्वास प्रक्ट ाभएको उनको चनाइ थियो।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री विश्व प्रकाश शर्मा लगायतले पनि गथैरदलीय जनप्रतिनिधिहरुसँग मिलेर काम गर्न आफुहरुको पार्टी तयार रहेको बताएका छन्।

समाजशास्त्री ममता शर्मा गैरदलीय जनप्रतिनिधिहरुलाई स्वीकार्न सकस भैरहेकाले राजनीतिक दलका शीर्ष नेताहरु सहकार्य गर्न तयार रहेको, लोकतन्त्रको सुन्दर फुलहरु भन्दै प्रशंसा गर्न व्यस्त रहेको बताउँछन्।

'अहिलेको अवस्था आसन्न प्रदेश र संघीय चुनावमा पनि दोहोरिए कति दलीय प्रतिनिधिहरुले टिकट पाएर पनि स्वतन्त्र उम्मेदवारकै कारण माननीय बन्न नपाउने हुन भन्ने चिन्ता नेताहरुमा देखिन्छ' उनी भन्छिन्, 'अहिले प्रशंसा र सहकार्यका लागि गैरदलीय जनप्रतिनिधिलाई गरिएको आग्रहको भित्रि मनसाय, त्रास र उदेश्य प्रदेश र संघीय चुनाव नै हो भन्न हिचकिचाउनुपर्दैन ।'

## फैसलाविरुद्ध ...

नीति तथा कार्यक्रममा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल २०८०/८१ देखि निर्माण प्रक्रियामा लैजाने सरकारको तयारी थियो। तर, सर्वोच्च अदालतले सम्पूर्ण प्रक्रिया रोक्न भनेपछि योजना अलपत्र परेको हो।

## संख्या...

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च लगायतका संस्थाहरूले आगामी आर्थिक वर्षका लागि पनि अघिल्ला आर्थिक वर्षहरूमा जस्तै संख्याको प्रावधान हटाई बाधा अड्काउ आदेश आउनुपर्ने र ऐन संसोधन गरि संख्याको प्रावधान खारेजी गर्नुपर्ने माग गरिरहेका छन्।

तर मन्त्रालयका अधिकारीहरू अघिल्ला बाधा अड्काउ आदेशमा संख्या पुराउनुपर्ने प्रावधान जिवितै रहेको भन्दै संख्याको व्यवस्था बाहिर राखेर टिप्पणी उठाई राय अघि बढाउन नसकिने अडान राख्ने गरेको उच्च श्रोतले मध्यान्हलाई बतायो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठभन्दा मन्त्रालयका कर्मचारी संख्याको विषयमा नकारात्मक रूपमा उभिएको कारणले फाइल अघि बढ्न नसकेको बताइएको छ।

स्मरणीय छ, पहिलो वर्ष असार २९ गते र गतबर्ष असार १४ गते बाधा अड्काउ आदेश जारी भएको थियो। अघिल्लो वर्ष नेपाली कांग्रेसका सांसद डा. अमरेश कुमार सिहले तत्कालीन मन्त्री रामेश्वर राय यादव माथि ईजाजत नवीकरणको व्यवस्था गर्न प्रत्येक म्यानपावर कम्पनीसँग एक/एक लाख रूपैयाँ उठाउन खोजेको आरोप लगाएपछि हंगामा भएको थियो।

गतवर्ष वैदेशिक रोजगार व्यवसायीहरुको इजाजतपत्र नवीकरण गर्ने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका सन्दर्भमा वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार व्यवसायीबीच फरक-फरक बुझाई देखिएको थियो।

मन्त्रिपरिषद्को बाधा अड्काउ आदेशपछि व्यवसायीको इजाजतपत्र (लाइसेन्स) तीन वर्षका लागि नवीकरण गर्ने वा एक आर्थिक वर्षका लागि मात्रै नवीकरण गर्ने भन्ने सम्बन्धमा विभाग र व्यवसायीबीच फरक-फरक दृष्टिकोण देखिएको थियो । पछि विभागले तीन वर्षका लागि नै नवीकरण गरिदिएको थियो।

## गठबन्धनको ...

ठूलो दल नेकपा (एमाले)ले एक्लै निर्वाचन जित्ने दाबीका बीच सम्पन्न निर्वाचन परिणाम बढी चर्चित छ।

नेपालको सङ्घीय र प्रादेशिक संसद्को समयावधि पनि आगामी मङ्सिरसम्म रहेको र अबको बढीमा सात महिनामा संसद्कै निर्वाचन हुने भएकाले पनि प्राप्त स्थानीय निर्वाचनको जोड घटाउको चर्चा चुलिएको हो । यस निर्वाचनमा राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट काठमाडौं महानगरलगायत कतिपय ठूला नगरमा स्वतन्त्र उम्मेदवारको उदयले पनि निर्वाचन परिणामलाई रोचक बनाइदिएको छ।

स्थानीय तह निर्वाचनमा मतदाताले युवा र अघिल्लो निर्वाचनको काम गरी विशेषतः दुई मान्यता स्थापित गर्न खोजेको देखियो । राजधानी काठमाडौंमा अवस्थित नेपालको सबैभन्दा पुरानो र ठूलो महानगरपालिका काठमाडौं महानगरपालिकामा पहिलो पटक मतदाताले राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट स्वतन्त्र हैसियतका युवा बालेन्द्रनारायण साहलाई विजयी गराएका छन्।

यो मतदाताले स्थापित गर्न खोजेको युवा नेतृत्व मात्र नभएर देशका ठूला राजनीतिक दलका विगतका महानगरका नेतृत्वले दिन नसकेका परिणामको नतिजा हो । काठमाडौं महानगरसँगै जोडिएको ललितपुर महानगरपालिकामा भने मतदाताले ६५ वर्षीय चिरिबाबु महर्जनलाई पुनः चुनेका छन्।

हालसम्म प्राप्त मतपरिणामअनुसार कांग्रेस पहिलो स्थानमा छ। कांग्रेस सबैभन्दा बढी प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्यमा विजयी भएको छ। कांग्रेसबाट १३ हजार ७३७ जनप्रतिनिधि निर्वाचित भएका छन् । नेकपा (एमाले) बाट ११ हजार ८७२, नेकपा (माओवादी केन्द्र)बाट पाँच हजार ४४ र अन्य दल तथा स्वतन्त्र गरी चार हजार ४८ जनप्रतिनिधि निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ। विसं २०७४ मा तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनमा कांग्रेसबाट ११ हजार ४५६, एमालेबाट १४ हजार १०० र माओवादी केन्द्रबाट पाँच हजार ४४० जनप्रतिनिधि निर्वाचित भएका थिए।

कांग्रेसबाट १४० प्रमुख, ११० उपप्रमुख, १८८ अध्यक्ष, १९० उपाध्यक्ष, दुई हजार ६६१ वडाध्यक्ष, दुई हजार ६०० महिला सदस्य, दुई हजार ५४७ दलित महिला र वडा सदस्य पाँच हजार ३०१ निर्वाचित भएका छन्। एमालेबाट ८२ प्रमुख, ११३ उपप्रमुख, १२३ अध्यक्ष, १२६ उपाध्यक्ष, दुई हजार १२७ वडाध्यक्ष, दुई हजार ३४० महिला सदस्य, दुई हजार २८५ दलित महिला सदस्य र चार हजार ६७६ वडा सदस्य निर्वाचित भएका छन्।

माओवादी केन्द्र तेस्रो स्थानमा छ । माओवादीबाट नगर प्रमुखमा २५, उपप्रमुखमा ३३, पालिका अध्यक्षमा ९६, उपाध्यक्षमा ९५, वडाध्यक्षमा एक हजार ५३, महिला सदस्यमा ९६३, दलित महिला सदस्य ९७३ र वडा सदस्यमा एक हजार ८०६ निर्वाचित भएका छन्। नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्रबाट चार हजार ३४८ निर्वाचित भएको आयोगले जनाएको छ।

६ महानगरका प्रमुख र उपप्रमुख, ११ उपमहानगरका प्रमुख र उपप्रमुख, २७६ नगरपालिकाका प्रमुख र उपप्रमुख, ४६० गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, ६ हजार ७४३ वडाध्यक्ष, सोही सङ्ख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८६ वडा सदस्य गरी कूल ३५ हजार २२१ पदका लागि निर्वाचन भएको थियो । निर्वाचनमा करिब एक लाख ४५ हजारले उम्मेदवारी दिएका थिए।

# बाह्रैमास जुत्ता मेलाले औद्योगिक प्रदर्शनीमा आँच

**काठमाडौं/मस-** नेपालका जुत्ताचप्पल व्यवसायीहरूको छाता सङ्गठन फुटवयर म्यानुफ्याक्चरर्स एशोसियशन अफ नेपालले भृकुटीमण्डपमा संधैभर मेलाका रूपमा जुत्ताचप्पल बिक्री वितरण हुँदा औद्योगिक प्रदर्शनीमा आँच आएको बताएको छ।

एशोसिएशनका अध्यक्ष नानीराज घिमिरेले शनिबार एक विज्ञप्ति जारी गरी जुत्ता मेलाका नाममा बाह्रैमास जुत्ताचप्पल बिक्री वितरण गर्दा औद्योगिक प्रदर्शनीमा आँच आएको बताए।

'स्वदेशी जुत्ता प्रदर्शनीका नाममा भृकुटीमण्डपमा केही व्यवसायीले बाह्रैमास जुत्ता मेलाको नाममा व्यवसाय गरिरहेका छन्, यसले औद्योगिक प्रदर्शनमा समेत ठूलो असर पुगेको छ', अध्यक्ष घिमिरेद्वारा जारी विज्ञप्तिमा भनिएको छ । फुटवयर



एशोसिएशनले सबै व्यवसायीलाई समेटेर वर्षको दुईपटक काठमाडौंमा जुत्ताचप्पल मेला र एकपटक अन्तर ाष्ट्रियस्तरको औद्योगिक प्रदर्शन गर्दै आए पनि एशोसिएशनको नाम जोडेर सधैंभर भृकुटीमण्डपमा जुत्ता मेला आयोजना गरेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

एशोसिएशनले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न आम उपभोक्ताका बीचमा आफ्ना उत्पादन परिचित गराउने, उपभोक्ताको सुझाव र प्रतिक्रिया प्राप्त गर्दै आफ्ना उत्पादनलाई अझ परिस्कृत गर्दै लैजान स्वदेशी उत्पादनको प्रदर्शन गर्ने मुख्य उद्देश्यका साथ औद्योगिक प्रदर्शनी आयोजना गर्दै आए पनि केही व्यवसायीले यसलाई दुरुपयोग गरेको बताएको छ । यस्ता मेलामा एशोसिएशनको कुनै सहभागिता नरहेको समेत अध्यक्ष घिमिरेले बताए।

एशोसिसशनले आफ्ना सदस्यबाट नै सहमतिविपरीत यस्ता गलत कार्य गरेको भन्दै कारबाही गर्नेसमेत बताएको छ । एशोसिएशनले आफ्नो संस्थाको आधिकारिक व्यवस्थामा सञ्चालन हुने मेला महोत्सवबाहेक अन्य मेलामा बिक्री वितरणलाई एउटै नजरले नहेर्न र भ्रममा नपर्न सबै उपभोक्तालाई अपिलसमेत गरेको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/२४ मा दर्ता भएको **प्रा.लि. नं. १८८७६१/०७४/०७५** को **जय लक्ष्मी मोबाइल्स प्रा. लि.**को मिति २०७९/०२/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal water Supply and Sewerage Management Project**
**Kanchanpur**

**Invitation for Bids (IFB)**

**First date of publication:- 29/05/2022(BS-15/02/2079)**

Federal Water Supply and Sewerage management Project Kanchanpur invites only electronics bids (www.bolpatra.gov.np/egp) for the following Goods under sealed Quotation. Intrested Bidders,suppliers and companies should submit only online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp

| S.N | Contract NO. | Description of works | Estimated cost with VAT and PS | Bidding Price NRs. | Bid Security NRs. | Last date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | 25/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different flood affected Water Supply Projects. | 1990795.58 | 1000 | 50000 | 13-06-2022 |
| 2 | 26/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different flood affected Water Supply Projects. | 1978051.44 | 1000 | 50000 | 13-06-2022 |
| 3 | 27/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different flood affected Water Supply Projects. | 1978923.80 | 1000 | 50000 | 13-06-2022 |
| 4 | 28/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different flood affected Water Supply Projects. | 1993170.28 | 1000 | 50000 | 13-06-2022 |
| 5 | 29/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different flood affected Water Supply Projects. | 1680219.60 | 1000 | 50000 | 13-06-2022 |
| 6 | 30/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of NS_40(PE 100) HDPE Pipe for different Water Supply Projects of Dadeldhura. | 1738096.62 | 1000 | 50000 | 13-06-2022 |

**Project Chief**

# न्याय माग्दै सदरमुकाममा



**सौरभ यादव/मध्यान्ह**
राजविराज, १४ जेठ

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाकी एक महिलामाथि निर्घात कुटपिट भएको छ। छिमेकीको कुटाइबाट गर्भ खेर गएपछि वडा नम्बर ४ की २२ वर्षीया राजुदेवी मण्डल न्याय माग्दै सदरमुकाम राजविराज आइपुगेकी छिन्।

सञ्चारकर्मीसमक्ष उनले छिमेकी हरिहर मण्डल, उनका छोराहरु श्रीराम मण्डल र शिवशंकर मण्डलले घरभित्र पसेर कुटपिट गरेको र कुटपिटबाट आफ्नो पाँच हप्ताको गर्भ खेर गएको बताइन्।

'जेठ ९ गते दिउँसोको श्रीमान बाखा चराउन गएका थिए, बाखा चाराउने ठाउँमा हरिहरले पालेको कुकुरलाई कुटेका थिए' उनले भनिन् 'सोही विषयलाई लिएर दिउँसो ३ बजे बावुछोरा मिलेर घरमै पसेर अन्धाधुन्ध कुट्न थाले। उनीहरुले लछारपछार गर्दै कुटे।'

कुटपिटबाट आफ्नो पेटमा गम्भीर चोट लागेको उनले दुखेसो गरिन्। 'मलाई लात्ति र मुड्कीले जथाभावी हान्न थाले। कुटाइबाट मेरो पेटमा गम्भीर चोट लागेर रक्तश्राव हुन थाल्यो' उनले भनिन् 'घटनाको दोस्रो दिन (जेठ १० गते) जाँच गराउदा गर्भ खेर गएको चिकित्सकले पुष्टि गर्नुभयो।'

घटना बारे प्रहरीमा पनि जानकारी गराइसकेको बताउँदै उनले वडाका जनप्रतिनिधिहरुले घटनामा मिल्न दबाब दिएपछि आफू थप पीडित हुन पुगेको गुनासो गरिन्। 'एकातिर जनप्रतिनिधिहरुले मिल्न दबाब दिँदै आइरहेका छन् भने अर्कोतिर पीडकहरु पनि धाकधम्की दिइरहेकाले आफू र आफ्ना परिवारका सदस्यमाथि थप तनाव थपिएको छ' उनले भनिन् 'बाध्य भएर न्यायको गुहार गर्दै चौतर्फी भौतारिनु परेको छ।' उनले न्यायका लागि संचारकर्मी, मानव अधिकारकर्मी, स्थानीय प्रशासन लगायतलाई सहयोगको लागि आग्रह गरिन्।

यता, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले घटना बारे बुझ्ने कार्य भइरहेको बताए। 'पीडित पक्षबाट जाहेरी आएको छ वा छैन भनेर बुझ्दैछु' उनले भने 'त्यस्तो छ भने हामी कानून अनुसार अघि बढ्छौं।'

# बरहथवालाई नमूना पालिका बनाउन सहकार्य आवश्यकः मेयर कटुवाल



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १४ जेठ

बरहथवा नगरपालिकाकी मेयर कल्पना कुमारी कटुवालले नगरलाई जिल्लाकै सुन्दर र उत्कृष्ट पालिका बनाउने बताएकी छिन्। शनिबार बरहथवा उद्योग वाणिज्य संघले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मेयर कटुवालले आफूले निर्वाचनको परिणामलाई एउटा शुरूवातको रूपमा लिएको बताइन्। उनी जिल्लाकै पहिलो महिला मेयरका रुपमा निर्वाचित बनेकी हुन्। अबको ५ वर्षमा आफ्नो भिजन र एजेन्डाहरूलाई पूर्ण रूपमा कार्यान्वयन गराउने उनको भनाइ थियो।

'बरहथवा नगरका जनताले पार्टी र जाति नहेरी मलाई भारी विजयी गराएका छन्, बरहथवा नगर सधैं परिवार नै थियो र परिवारनै रहनेछ', उनले भनिन्, 'म यो पार्टीको मेयर, तपाईं त्यो पार्टीको वडा अध्यक्ष भनेर नसोचुहोला, हामी सबै एक हौं र हामी सबै मिलेर काम गर्नेहो।'

बरहथवालाई जिल्लाकै सुन्दर र उत्कृष्ट नगर बनाउन सबैले सहकार्य गरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो।

नेकपा एमालेबाट मेयरमा निर्वाचित कटुवालले १२ हजार २ सय ७३ मत प्राप्त गरेकी थिइन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा माओवादीका देवानन्द महतोले ६ हजार ६ सय ६६ मत प्राप्त गरेका थिए।

यस्तै, उपप्रमुखमा विजयी एमालेकै रामबाबु साहले ९ हजार ९ सय १ मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी गंगा दाहालले ७ हजार १ सय १९ मत प्राप्त गरेकी थिइन्।

उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ बरहथवाका अध्यक्ष रामबाबु साहले नवनिर्वाचित मेयर, उपमेयर र १८ वटै वडाका अध्यक्षहरुलाई खादा र माला लगाएर सम्मान गरेका थिए।

# संविधान जारी भएपछि १६१ ऐन निर्माण

काठमाडौं/मस- नेपालको संविधान जारी भएपछि १६१ ऐन, ४४ अध्यादेश, २६३ नियमावली र ६२ वटा गठन आदेश जारी भएको छ। सरकारले आज सार्वजनिक गरेको मन्त्रालयगत प्रगति विवरण-२०७९ मा सो विषय उल्लेख गरिएको छ।

नेपालको संविधान, सङ्घीयताको मर्म र अदालतको आदेशबमोजिम नयाँ ऐन निर्माणका लागि १९४ विषयमा अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गरिएको समेत प्रगति विवरणमा उल्लेख छ। मौलिक हक कार्यान्वयका लागि आवश्यक पर्ने २४ वटा ऐन जारी भएको र उक्त ऐनअन्तर्गतका नियमावलीहरु जारी भएको छ। मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ जारी गरी यस आर्थिक वर्षदेखि पुरस्कार वितरणको शुरु गरिएको उल्लेख छ। प्रगति विवरणमा एकीकृत कानुनी सहायता नीति, २०७६ जारी भएको र पाँचवटा विधेयकको अवधारणापत्रका सैद्धान्तिक सहमति तथा १० वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको, नियमावली, गठन आदेश, निर्देशिका गरी ३९ वटा कानून मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको उल्लेख छ।

# नमूना झोलुङ्गे पुल तालिम सम्पन्न

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १४ जेठ



दैलेखका ४८ जनालाई नमूना झोलुङ्गे पुल निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ। पुर्वाधार विकास कार्यालय दैलेखको आयोजनामा ग्रामिण विकास सेवा केन्द्र, हुरन्डेक ईन ज्वाईन्ट भेन्चर वीथ सेवक जेभी नेपाल र टिवीयसयू/हेल्भेटास कर्णाली प्रदेश सुर्खेतको सहकार्यमा जिल्लाका ९ स्थानीय तहका ४८ जनालाई तालिम प्रदान गरिएको हो।

दैलेखमा १२ वटा झोलुङ्गे पुल निर्माण गरिने पुर्वाधार विकास कार्यालय दैलेखका निमित्त प्रमुख प्रभाकर प्रसाद सिंहले जानकारी दिए। उनका अनुसार आर्थिक वर्ष २०७९/८० भित्र निर्माण कार्य सक्नेगरी झोलुङ्गे पुल निर्माणका लागि जेठ ७ देखी १४ गतेसम्म तालिम प्रदान गरिएको हो।

झोलुङ्गे पुल निर्माणका लागि १२ वटै उपभोक्ता समिति गठन भइसकेको र सोही उपभोक्ता समितिका पदाधिकारी २/२ जना तथा प्रत्येक पुल निर्माण आयोजनाका २/२ जना मिस्त्री गरि ४८ जनालाई तालिम प्रदान गरिएको साझेदार सस्था ग्रामिण विकास सेवा केन्द्र दैलेखका कार्यक्रम संयोजक नविन शर्माले जानकारी दिए।

जिल्लाका आठबिस नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, ठाटीकाँध गाउँपालिका, भैरवी गाँउपालिका, नौमुले गाउँपालिका, भगवतीमाई गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका, गुराँस गाँउपालिका र महावु गाउँपालिकाका विभिन्न स्थानमा १२ वटा झोलुङ्गे पुल निर्माण गरिने उनले बताए। यस्तै नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष यज्ञराज थापाले गाउँघरमा पुल निर्माण भएपछि स्थानीयलाई आवत जावतमा सहज हुने बताए। भौगोलिक विकटता, सडकको पहुज नपुगेका स्थानका स्थानीयलाई आवज-जावतमा सहज हुने उनको विश्वास छ। पुल निर्माण गर्दा गुणस्तरमा भने ध्यान दिनुपर्ने उनको भनाइ थियो।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
बझाङ

### दरभाउपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/२/१५**

यस कार्यालयको मिति २०७९/१/२८ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलवन्दी दरभाउपत्र सुचना अनुसार विभिन्न ठेक्कामा दर्ता हुन आएका दरभाउपत्रहरुको मूल्यांकन समितिबाट विभिन्न पक्षको मुल्याकंन गर्दा निम्न बमोजिमको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकाले सार्वजनिक खरिद ऐनकको दफा २७ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ ( सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक रु मु.अ.कर सहित |
|---|---|---|---|---|
| १ | IDO/BJH/SQ/ W/R/09/2078-079 | Construction of Bagthala Bijgada Main Road ko Kalapaira sainya Bazar dekhi Ward office ththa Jagannath Ma.Vi. school samma road construction. Kedarsyu-4, Bajhang | Nanandev Builders and consultancy pvt.Ltd Bajhang | १७४१७७५।१३ |
| २ | IDO/BJH/SQ/ W/R/10/2078-079 | Construction of Mauribagar-Chaudhari-Maulali-Sainpasela Road, Durgathali Ga Pa ,Bajhang Construction of Lugada-Ragar agriculture road, Talkot Ga.Pa. Bajhang | Nanandev Builders and consultancy pvt.Ltd Bajhang | १७६५१६५।०० |
| ३ | IDO/BJH/SQ/ W/R/11/2078-079 | Construction of Lugada-Ragar agriculture road, Talkot Ga.Pa. Bajhang | Nanandev Builders and consultancy pvt.Ltd Bajhang | ८९१४१७।३६ |

कार्यालय प्रमुख


## कतारमा रोजगार

कम्पनी: REAL VISION TRAD CONT SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः२०७९/०२/१२ चलानी नं. ६०१७९८३३ LT. No.: 263693

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 1 | 0 | | 1200 | ४०,६८० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1800 | ६१,०२० | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ७४,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २२ गते (5 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ईजाजत नं. ९३४/०६७/०६८

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



## कुवेतमा रोजगारको अवसर

कम्पनी: VIEW 14 BEAUTY SALON CO.
शहर: KUWAIT

पुर्व स्वीकृत मितिः २०७९/०२/१२ चलानी नं.: ६०१७९८५३ L.T. No.: 263671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | सम्बन्धित काममा दक्ष | 200 | ८०,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | cleaner | 0 | 8 | | 150 | ६०,७४२ | | | | | | | |
| 3. | Hair Stylist | 0 | 7 | | 200 | ८०,९९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २२ गते (5 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Govt.Lic.No 1061/073/74

**Guideline Recruitment Service Pvt. Ltd.**
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुस्।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१५ जेठ २०७९, आइतबार
29 May 2022, Sunday

सम्पादकीय

## बरालिएको बहस र लोकतन्त्र

आगामी आर्थिक वर्षका लागि आज बजेट सार्वजनिक गरिदैछ । संघीय संसदमा नीति तथा कार्यक्रम पछि सरकारले आज बजेट प्रस्तुत गर्दैछ । बजेट आउनुअघि सरकारले ल्याएको नीति तथा कार्यक्रममार्थि प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली लगायत शीर्ष नेता र सांसदहरूले छलफल गरिसकेका छन् । त्यसमाथि प्रधानमन्त्री शेरबहादुर देउवाले जवाफ दिएपछि बजेट प्रस्तुत गर्ने बाटो खुलेको छ । तर नीति तथा कार्यक्रमप्रति कम र राजनीतिक विषयमा धेरै चासो गएको देखिन्छ । जबकी बजेट अगाडि सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रमलाई प्राथमिकता दिएर संसद चल्नुपर्ने थियो । तर त्यसो नभएर स्थानीय तहको निर्वाचन र त्यससँग जोडिएका विषयप्रति आम चासो छ । चुनाव केन्द्रीत चासो हुनुमा भने शीर्ष नेताहरूले संसदमा दिएको अभिव्यक्ति कारण हो ।

विपक्षी दल एमालेका अध्यक्ष ओलीले नीति तथा कार्यक्रममाथि कम र राजनीतिक आरोप बढी लगाएपछि सत्ता पक्षका सांसदहरू प्रतिरक्षामा उभिए । प्रधानमन्त्री देउवा र सत्तारूढ नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि अध्यक्ष ओलीको जवाफमा समय खर्चिएका छन् । अध्यक्ष ओलीले एमाले पराजित हुनुमा सत्ताको दुरूपयोग भएको आरोप लगाएका छन् । त्यतिमा मात्रै केन्द्रीत नभएर एमाले अहिले पनि बलियो शक्ति रहेको अडान लिए । जबकी ठूलो जितसहित नेपाली कांग्रेस पहिलो दल बनिसकेको छ । एमाले भने प्रमुख शहरसहित ठूलो हार व्यहोरको छ । यसको जवाफमा प्रधानमन्त्री देउवाले पनि जनमतको सम्मान गर्न आग्रह गरेका छन् भने सत्तारूढ दलहरूको अभिव्यक्तिकै कारण एमालेले शुक्रबार केहीबेर संसद अवरोध गरेको थियो ।

प्रधानमन्त्री देउवा र सत्तारूढ सांसदहरूले पनि आवश्यकता र विषयवस्तु बाहिरका अभिव्यक्ति दिएका छन् । जबकी नीति तथा कार्यक्रमले जनताको एजेण्डा कसरी सम्बोधन गरेको छ भन्नेतिर ध्यान दिनुपर्ने हो । तर त्यो भन्दा पनि एमाले अध्यक्ष ओली र एमाले सांसदहरूको अभिव्यक्तिः र निष्कर्ष चिन्तायुक्त छ । किनकि एमालेले चुनावी परिणामलाई नै निष्पक्ष नभएको निकर्ष प्रस्तुत गरेका छन् । यदि त्यस्तो हो भने सम्बन्धित निकायले उचित फैसला गर्ला नै, तर चुनावको परिणाम भने स्वीकार्नुको विकल्प छैन । अझ गैरदलीय उम्मेद्वारले राजधानी उपत्यका रहेको काठमाडौंमै मेयरमा जित्नुले सत्ताको धादली प्रमाणित गर्न कठिन छ । तर एमाले नेताहरूले निर्माण गर्न चाहेको भाष्यले भने लोकतान्त्रिक प्रक्रियालाई नै कमजोर बनाउँछ । यसर्थ चुनावको हार भन्दा पनि लोकतन्त्र जोगाउन बढी आवश्यक छ । किनकि लोकतन्त्र रहे चुनाव फेरि पनि जितिन्छ, सत्तामा पुग्ने अवसर जुनसुकै बेला आउन सक्छ ।

# राजनीतिक भिडमा उदाएका बालेनहरू

*जनमुखी विकासमा आँखा चिम्लीएर एकअर्कालाई निषेध गर्ने मानसिकताबाट अभिप्रेरित भएर जनजिविकाको मुद्दामा बेखबर बनिरहेको राजनीतिलाई पन्छाउदै काम गर्ने जोस् र आँट लिएर आएका बालेनहरूको आगामी यात्रा सजिलो नभए पनि विकास र समृद्धिका लागि काम गर्न भने सम्भव पक्कै छ ।*

अग्रलेख



● गोविन्द विक



२०७९ को स्थानीय तहको चुनावले स्वतस्फूर्तरूपमा जनताको सेवा गर्ने बाचासहित स्वतन्त्र उम्मेदवारको हैसियतमा चुनावमा हेमिएका बालेन्द्र शाहदेखि हर्कराज राईसम्मले राजनैतिक दलका प्रतिस्प्रर्धीहरूलाई भारी मतान्तरले पछि पार्दै नगर पिता बन्न सफल भएका छन् । अवरोधमुखी राजनैतिक भिडभित्रको संघर्षबाट दलीय संयन्त्रलाई पाखा लगाउदै जनताको मन जित्नु चानचुने विषय होइन । काठमाडौं महानगरपालिकामा बालेन्द्र शाह, धरान उपमहानगरपालिकामा हर्कराज राई धनगडीमा गोपाल हमाल, वर्दीबासमा प्रहलाद क्षेत्री, भोजपुरमा दौलतकुमार कुलुङ, बैतडीमा सन्तोषप्रकाश जोशी, कालीकोटमा मोहनबहादुर केशी, ओखलढुङ्गामा ज्ञानेन्द्र रूम्दाली, जुम्लामा राजुसिंह कठायत, जनकपुरमा मनोज कुमार शाह, हुम्लामा प्यारीलाल शाही चंखेली, डोल्पामा कार्मा छोङवेल गुरूङ्गहरू स्वतन्त्र उम्मेदवारबाट चुनावमा अत्याधिक जनमतबाट उदाएका छन् । राजनीतिक दलहरूप्रति आमरूपमा बढ्दै गएको असन्तुष्टिका कारण जनताले स्थानीय तहको चुनावमा स्वतन्त्ररूपमा उठेका युवाहरूलाई भोट दिएर स्थानीय तहको विकास र समृद्धिलाई हाक्ने जिम्मेवारी सुम्पीएका छन् ।

जनमुखी विकासमा आँखा चिम्लीएर एकअर्कालाई निषेध गर्ने मानसिकताबाट अभिप्रेरित भएर जनजिविकाको मुद्दामा बेखबर बनिरहेको राजनीतिलाई पन्छाउदै काम गर्ने जोस् र आँट लिएर आएका बालेनहरूको आगामी यात्रा सजिलो नभए पनि विकास र समृद्धिका लागि काम गर्न भने सम्भव पक्कै छ । दलीय व्यवस्थाभित्रको महासागरमा न कार्यकर्ता, न भोजभतेर, न तडकभडक सामान्य तरिकाले जनजीविकाका मुद्दा जनतालाई सुनाउदै हिंडेका बालेनहरूले यसरी भारी मतान्तरका साथ दलीय प्रतिस्प्रधीलाई पाखा लगाउछन् भन्ने जमात चुनाव अघि निकै कम थियो । जनताको मन जित्नका लागि ठूलठूला योजनाका सपनाहरू देखाउनै नपर्ने उदाहरण स्थानीय चुनावमा नगर पिताका रूपमा उदाएका बालेनहरूले दिएका छन् । सन्दर्भ फरक भएपनि काठमाडौंदेखि कालीकोटसम्म धरानदेखि धनगडीसम्मका स्वतन्त्र उम्मेदवारहरूले जनताका सामान्यभन्दा सामान्य विषयहरूलाई चुनावी मुद्दा बनाए जुन मुद्दालाई जनताले सहजरूपमा लिए र मत दिएर जिताए । बालेनहरूको आगमनलाई हेर्दा, यो मुलुकमा विकास र समृद्धिका लागि युवा वर्गको अतुलनीय खाँचो रहेको प्रष्ट भएको छ । उमेरले डाँडो काटेका व्यक्तिले मुलुक र जनजिविकाको मुद्दालाई लिएर अगाडी बढ्न नसक्ने गतिलो सन्देश बालेनहरूको उदयले दिएको छ ।

काठमाडौं महानगरपालिकाको मेयर पदमा निर्वाचित बालेन्द्र शाह कुनै राजनीतिमा खारिएर आएका पात्र हैनन् । ऱ्यापरबाट युवाहरूको मनमा बस्न सफल बालेन्द्रले आज तिनै युवाहरूको मन जितेर मेयरमा उदाए । आफ्नै छोरो सम्झेर आर्शीवाद दिनु भन्दै काठमाडौंबासीका रैथाने आमा-बुवाहरूको पाउमा पर्दै आफ्ना विकासका योजना सुनाउदै हिँडे । काठमाडौंमा फोहोर व्यवस्थापनदेखि ईसरकारको मुद्दा उठाए बालेन्द्रले घरघरमा सरकार भन्ने कुरालाई बालेन्द्रले जोड दिए ठूला मनोरेलको कुरा उनले गरेनन् समान्य जनताका कुरालाई उठाउदै काम गर्नका लागि मत दिनु भन्दै हिँडेका थिए बालेन्द्र त्यही उनले भनेका कुरालाई जनताले पत्याएर काठमाडौंको मेयर बनाइ दिए । मेयरमा निर्वाचित भएपछि बालेन्द्र शाहले सिसडोलको फोहोर व्यवस्थापनको कुरामा स्थलगत भिजिट नै गरिसकेका छन् । सायद विगतका मेयरहरूलाई हेर्ने हो भने पनि मेयरमा निर्वाचित भएपछि ठूलठूला सभाहलमा गएर सम्मान थाप्न नै समय बिताएका उदाहरण ताजै छन् तर, बालेन्द्र शाह सम्मानभन्दा पनि समस्यालाई महत्व दिएर फोहोरको व्यवस्थापनका लागि आफै फिल्डमा दौडिन थालेका छन् । यस कार्यले दलहरूलाई कति पिर पर्छ वा दलबाट निर्वाचित भएर आएकाहरूको

> फरक परिवेशमा उदाएका स्वतन्त्र पात्रहरूले पक्कै पनि नगरभित्रका समस्यालाई अनुभव गर्ने गरी नै समाधान गर्नेछन् । एकाएक उदाएका विलक्षणकारी राजनीतिकर्मी बालेनहरू नभए पनि युवाहरूको मनभित्र गहिरो छाप पार्न सफल भएका राजनैतिक फोहोरको भेल सफा हुनुपर्छ भन्ने सन्देश दिन अब्बल पात्रहरू भने पक्कै हुन् ।

मन कति खलबलिन्छ त्यो त समयले बताउला नै । तर, बालेन्द्रले जसरी जनताको मन जित्न सकेका छन् त्यसैगरी काम गरेर देखाउछन् भन्ने विश्वास सबैमा तिब्र भएको छ ।

उता धरानका स्वतन्त्र मेयर हर्कराजको कुरा गर्दा त्यस्तै उदाहणीय देखिएको छ । धराने जनतालाई पानी खुवाउन भनेर विगत लामो समयदेखि सामाजिक अभियान चलाएर आएका मेयर हर्कराज मेयरमा निर्वाचित भएपछि जनताको सम्मान खानभन्दा पनि काम गर्नुपर्छ भनेर पानीको मुहानमा आफै भिजिट गर्दैछन् । पानीको मुख्य समस्या खोजिरहेका छन् । मेयर हर्कराजको सडकमा झाडु लिएर सडक सफा गरेको दृष्य झन् उदाहरणीय नै देखिँदैछ । दलीय झण्डा बोकेर वडाबाट जितेर आएका वडा अध्यक्षहरूले बालेन्द्र हर्कहरूलाई कसरी साथ दिन्छन् त्यो त हेर्न नै बाँकी छ तर, उनीहरूले थालेको अभियान दुनियाका लागि सानदार मान्न सकिन्छ । चुनाव अघि भोट माग्ने क्रममा दलीय नेताहरू भिड जम्मा गरेर जनजिविकाका सवाल उठाउने जनताले भोगेका सानाभन्दा साना समस्याहरू कसरी समाधान गर्ने भन्ने योजना र नीति सुनाउनेभन्दा पनि एकअर्कालाई कसरी खलाल्ने एकअर्काको खेदो कसरी खन्ने ? कुन-कुन विषयमा आरोप प्रत्यारो गर्ने जनतालाई कसरी हसाएर ताली खाने भन्ने अभियान चलाइरहेका बेला बालेन र हर्कहरू चाही जनताको घरघरमा गएर मेयरमा जिताएको अवस्थामा म यसरी काम गरेर देखाउछु तपाई हामीले भोगिरहेका सामान्यभन्दा सामान्य समस्याहरू यसरी समाधान गर्छु भन्ने योजना सुनाइरहेका थिए । त्यही भएर आज जनताले दलीय नेतृत्वलाई भन्दा स्वतन्त्र अभियान्ताहरूलाई रूचाएका छन् ।

चुनौतिपूर्ण कठिन यात्रामा बालेन र हर्कराजहरूले आफ्नो विकासको यात्रालाई जनताबाट अनुमोदित गराएका छन् । यसलाई दलबाट आएका सारथीहरूले साथ दिएर समृद्धिको यात्रामा नगरलाई डोहोऱ्याउन सकिने कुरामा कठिन भएपनि सम्भव अवश्य छ । हर्कराज र बालेनहरू राजनीतिभित्र नै भएको भए वा कुनै दल विशेषबाट उदाएको आज कम चर्चामा हुने थिए तर, स्वतन्त्ररूपमा काम गर्ने भन्दै आएका भएर सबैले रूचाएका छन् । पक्कै पनि आगामी दिनमा उनीहरूको काम सबैका लागि अनुकरणीय नहोला भन्न सकिन्न । फरक परिवेशमा उदाएका यी पात्रहरूले पक्कै पनि नगरभित्रका समस्यालाई अनुभव गर्ने गरी नै समाधान गर्नेछन् । एकाएक उदाएका विलक्षणकारी राजनीतिकर्मी बालेनहरू नभए पनि युवाहरूको मनभित्र गहिरो छाप पार्न सफल भएका राजनैतिक फोहोरको भेल सफा हुनुपर्छ भन्ने सन्देश दिन अब्बल पात्रहरू भने पक्कै हुन् ।

स्थानीय तहमा नेतृत्व गर्नेहरूले राजनीति गर्ने हैन जनताको सबैभन्दा नजिकको सरकार भनेको नै स्थानीय तह हो । स्थानीयस्तरमा रहेका समामान्य समस्याहरूप्रति स्थानीय तह हाक्नेहरू बेखबर बन्नु दुःखको कुरा हो, जुन विगतामा धेरै देखिए । कोरोनाकालमा भोकले छटपटाएका पेटहरूलाई नगरको इज्जतका लागि प्रहरी लगाएर गौडातिर खेदाउने नगरपिताहरूको हर्कतलाई जनताले कहाँ भुल्न सक्छन् र ! मतपेटिकामा आफ्ना आक्रोशहरू स्पष्टरूपमा जनताले पोखेका छन् । यो चुनावले आगामी संसदीय तथा प्रदेश तहको चुनावमा पनि अझ धेरै हर्कराजहरू तथा बालेनहरूको जन्महोस् र यो मुलुकलाई विकास समृद्धिको मार्गमा दौडाउनका लागि धेरैभन्दा धेरै हर्कराजहरू तथा बालेनहरूको खाँचो छ भन्ने सन्देश चुनावले दिएको छ । तमाम युवा वर्गले परिवर्तन चाहेको छ । र त्यो परिवर्तन युवाहरूको नेतृत्वमा मात्र सफल हुन्छ भन्ने आम चासो र सरोकारलाई यो चुनावले प्रमाणित गरिदिएको छ ।

प्रतिकूल दलीय भीडमा हर्कराजहरू तथा बालेनहरूले जनमुखी कामलाई पहिलो प्राथमिकतामा पार्छन् भन्ने विश्वास सबैमा भएका हुनाले पनि उनीहरूलाई बाटो विराउने छुट भने पक्कै पनि छैन । सेवामुखी भएर निर्णय गर्दै सबैको साथ र सहयोगलाई आत्मसाथ गर्दै युवामनको भावनालाई उच्च शीरमा राखेर काम गरेको अवस्थामा पक्कै पनि हर्कराजहरू तथा बालेनहरू जनताको मनबाट कहिलैपनि टाढा हुने दिन नआउने पक्का नै छ । हौसियर हैन सम्यमता अपनाउदै कानुनको अधिनमा रही सामाजिक सुशासनमा नगरलाई अगाडी बढाउने दायित्व मुख्य हो भन्ने ठान्नका लागि आवश्यक छ । जनताको समस्या नजिकबाट अनुभव गरेर सामाजिक कामको निरन्तरताले पनि सत्तामा पुग्न सकिन्छ भन्ने गतिलो उदाहरण पस्किएका बालेनहरू तथा हर्कराजहरूबाट दलीय गुटमा अभ्यस्तहरूले धेरै कुराको अनुकरण गर्न आवश्यक छ भन्ने मतपेटिकामा प्रकट भएको छ ।

## सामाजिक सञ्जाल



**- कृष्ण पोखरेल**

उहाँले संसदमा आफ्नो सम्पूर्ण सम्पत्ति राष्ट्रको नाममा सुम्पने निर्णय गरेको सगर्व घोषणा गर्नुभयो र छ अरू कोइ यसो गर्ने ? भन्दै चुनौतीसमेत दिनुभयो । राजनीति बाहेक अन्य कुनै उद्यम नगरेका उहाँसँग यत्रो सम्पत्ति आयो कहाँबाट ? उहाँ सुनको चम्चा लिएर जन्मनुभएको हो भनु भने तथ्यले पुष्टि गर्दैन ।



**- उत्तम राई**

खगेन्द्र संग्रौला, किशोर नेपाल र नारायण वाग्ले बालेन शाह र हर्क साम्पाङप्रतिको नकारात्मक धारणा र अभिव्यक्ति सुनेर उनीहरु सबैलाई माझि औला देखाउन मन लग्यो । भडुँवा, सामाजिक किरा र देशद्रोही भन्न मन लग्यो ।



**- निर्मल प्रसाइँ**

वर्षे बाली रोप्ने बेलामा पुनः एक पटक रासायनिक मलको हाहाकार र अभाव । कहाँ गयो बंगलादेशको जि-टु-जि मल ? आउँदै आएन कि माफियाको गोदाममा पुग्यो ? भगवन्त मान भैदिएको भए मन्त्रीको राजिनामा लिइ जेल कोचिसक्थे ।



**- केशव दाहाल**

निश्चय नै स्वतन्त्र जनप्रतिनिधिहरूलाई सहयोग गरौं र उत्साह थपौं । तर, पार्टीका झोले कार्यकर्ताभन्दा खराब समर्थक नबनौ । प्रश्न र सुझाबलाई गाली नठानौ, मान्छेको देवत्वकरन नगरौं र व्यक्तिले गर्ने चमत्कारमा भन्दा सामुहिक प्रयत्न, संरचनागत परिवर्तन, नीतिगत बदलाव र परिणाममा भर परौं ।



**- कृष्ण घिमिरे**

निजगढको विकल्प सागरनाथ क्षेत्र पनि हुनसक्छ । एडिबिको लोनमा सागरनाथ बन परियोजना बनाइयो तर अपेक्षित फाइदा लिन सकिएन । उल्टै सागरनाथ क्षेत्रमा पानीको लेवल घट्यो, इनार, चापाकल सुकेल तथा समस्त वातावरणमा प्रतिकूल प्रभाव पऱ्यो । हचुवा योजनाबाट सिक्नुपर्ने पाठ सागरनाथ र अब निजगढ पनि !

# नबदलिएको सोच

विचार



● तसलीमा नसरिन

हालै मुम्बईको ठाणे क्षेत्रमा एक बैंक कर्मचारीले आफ्नी श्रीमतीको हत्या गरे । हत्याको कारण श्रीमतिले बनाएको खाजामा नुनको मात्रा धेरै हुनु थियो । उनी धेरै नुन हालेको खाजा दिएपछि यति रिसाए कि श्रीमतिलाई कुट्नुसम्म कुटेर घाँटीमा डोरी लगाएर झुण्ड्याए । घटनाबाट स्तब्ध र डराएको १२ वर्षीय छोराले हजुरआमा र मामालाई फोन गर्दा घटना बाहिर आयो र महिलालाई हतारमा अस्पताल लगियो । तर उनको पहिले नै मृत्यु भइसकेको थियो । अहिले श्रीमतिको हत्या गर्ने पतिलाई प्रहरीले पक्राउ गरेको छ । तर, पक्राउ परेका पतिले आफ्नो कथित अपराधबाट दुखी र लाज नमान्दै बयान दिएका छन् । आफू उच्च रक्तचापको बिरामी भएको कुरा जान्दाजान्दै श्रीमतिले खानामा नुन बढी हालिदिएको बयान उनको छ ।

यो असंवेदनशीलताको पराकाष्ठा हो । खानामा धेरै नुन मिसाएको भन्दै कुटपिट गर्दा एक दुःखी गृहिणी महिलाको मृत्यु भएको छ । तर, हत्यारा पतिलाई दुःख र पछुताउनु पर्दैन, उ प्रहरीको अगाडि पनि मृत श्रीमतीलाई दोष लगाउनै व्यस्त छ । के यसको मतलब आफ्नो पुरुषको स्वास्थ्यको हेरचाह गर्न नसक्ने महिला मर्नु पर्ने हो ? भारतीय उपमहाद्वीपका धेरै महिलालाई खाना राम्रोसँग नबनाउने जस्ता सानातिना कुरामा मारिने गरेको तथ्यबाट समाजमा महिलाको स्थान कहाँ छ भन्ने थाहा हुन्छ ।

यस वर्षको सुरुमा उत्तर प्रदेशको नोएडामा खानासँगै सलाद नदिएको भन्दै एक पुरुषले आफ्नी पत्नीको हत्या गरे ! बैंगलोरमा एक व्यक्तिले आफ्नी पत्नीको हत्या गर्नुको कारण उसले फ्राइ चिकेनलाई सोचे जस्तो राम्रो बनाउन नसक्नु थियो । खाना खुवाउन ढिलाइ हुनु पनि कहिलेकाहीँ महिला हत्याको कारण बन्ने गरेको छ । यी सबै घटनाहरू पढे र सुनेपछि पहिलो प्रश्न उठ्छ, हामी वास्तवमै सभ्य संसारमा बाँचिरहेका छौं त ? महिलाहरूप्रति किन यति धेरै घृणा छ ? आफ्ना पत्नीप्रति सामान्य पुरुषलाई यति धेरै घृणा हुन्छ कि उनीहरू मानसिक यातना दिएर मात्रै शान्त हुँदैनन्, थप्पड, लात, मुक्का प्रहार गरेर आफ्नो रिस निकाल्छन् । सोंच यस्तो बनेको छ कि आफ्ना महिलाहरूलाई उत्पीडन गर्ने अधिकार छ उनीहरुसँग । कहिलेकाहीँ त अचम्म पनि लाग्छ, नारीले यो सब चुपचाप कसरी सहन सक्छन् ! त्यसपछि एक्काइसौं शताब्दी भए पनि यस उपमहाद्वीपका महिलाहरूले पितृसत्तात्मकताको सामना गर्नुपर्ने हुन्छ भन्ने विचार आउँछ ।

> समाजमा शताब्दीयौंदेखि जरा गाडेको छ कि पुरूषको तुलनामा महिलाहरू तल्लो स्तरका छन् । त्यसैले उनीहरूलाई अपमानित गर्ने प्रयास गरिएको छ । यो २१ औं शताब्दीमा शिक्षादेखि खेलकुदसम्म महिलाले जीवनका हरेक क्षेत्रमा आफूलाई प्रमाणित गरिरहेकै छन् । यति हुँदाहुँदै पनि महिलामाथि हुने अत्याचारका कथाहरूले उनीहरूप्रति समाजको मानसिकता अझै परिवर्तन हुन नसकेको देखाउँछ ।

अर्को घटना, बङ्गालको बहरामपुरमा एक युवकले अर्को युवासँग कुरा गर्ने गरेको भन्दैसँगै अध्ययनरत युवतीको छुरा हानेर हत्या गरेका छन् । पक्राउ परे पछि पनि उनमा चिन्ता युवतीको ज्यान गयो वा गएन भन्नेमा थियो । पश्चिम बङ्गालको हंसखालीमा साथीको जन्मदिनमा गएकी एक युवतीको बलात्कार र हत्या यस्तै एउटा नृशंस घटना हो, जसले निकै हंगामा मच्चाएको थियो ।

महिलालाई लगातार दुर्व्यवहार गर्दा पुरुषले महिलालाई यस्तो अवस्थामा पुऱ्याउँछन् कि कहिलेकाहीँ महिलालाई मार्नु नै पर्दैन । महिलाहरु बाध्य भएर आफैले आत्महत्या गर्छन् । र यसरी तिनीहरूले पुरुषहरूको काम सजिलो बनाउँछन् । पीएच.डी. पतिको अत्याचारबाट दिक्क भएर एक दिन झुण्डिएर आत्महत्या गर्ने २८ वर्षीया विद्वान मञ्जुला देवलाई सम्झनुहोस् । सधैँ हाँसिरहने मञ्जुलाले किन यस्तो घृणित कदम चाल्नु पर्यो ? किनभने उनका श्रीमानले उनलाई मामाघरबाट २५ लाख दाइजो ल्याउनका लागि दुर्व्यवहार गर्ने गरेका थिए । कुनै काम नगर्ने मञ्जुलाका श्रीमान् एक दिन घर छोडेर आफ्नो फ्ल्याटमा आएका थिए । मञ्जुलाले मामाघरबाट २५ लाख रुपैयाँ ल्याएर आफूलाई दिनु पर्ने उनको जिद्दी थियो, जसले गर्दा आफ्नै व्यवसाय सुरु गर्न सकियोस् । श्रीमतीको पढाइ र करियरको बारेमा उनलाई कुनै चिन्ता थिएन । श्रीमानको अत्याचारबाट हैरान भएर एक दिन मञ्जुलाले झुण्डिएर जीवनलिला नै सकिन् ।

मञ्जुलाको आत्महत्यापछि स्तब्ध भएका उनका बुवाले भनेका थिए, “छोरीलाई आइआइटी पढाएर मैंले गल्ती गरें । यदि त्यो पैसा दाइजोमा खर्च गरेको भए ऊ बाँच्ने थिइ ।’ यस्तो लोभी परिवारमा छोरीको बिहे किन गरेको भनि सोध्दा उनले “दुवैको कुण्डली मिलेको” बताए । कुण्डलीमा वैवाहिक जीवन सुखी हुने कुरा भएको उनको भनाइ छ । यो कठोर सामाजिक यथार्थ हो कि आधुनिक शिक्षित परिवारहरू पनि विवाहको मामिलामा कट्टर परम्परावादी छन् र उनीहरूले महिलाको अधिकारभन्दा कुण्डली र दाइजोलाई महत्त्वपूर्ण ठान्छन् । यस उपमहाद्वीपका महिलाहरू सामाजिकरूपमा पिछडिएका, शोषित र उपेक्षित छन् भने त्यसको प्रमुख कारण दाइजो प्रथा पनि प्रमुख हो । चेतनशील शिक्षित परिवारले पनि छोरीहरूलाई शिक्षा दिनुभन्दा दाइजो दिनु महत्वपूर्ण ठान्छन् ।

तर, दाइजो दिँदा छोरीको सुरक्षा हुन्छ भन्ने भने छैन । धेरै दाइजो लगेर पनि महिलाले आफ्नो रूप र कमजोर पढाइको लागि दोष पाउने गरेका छन् । वास्तवमा यो सोच समाजमा शताब्दीयौंदेखि जरा गाडेको छ कि पुरुषको तुलनामा महिलाहरू तल्लो स्तरका छन् । त्यसैले उनीहरुलाई अपमानित गर्ने प्रयास गरिएको छ । यो २१औं शताब्दीमा शिक्षादेखि खेलकुदसम्म महिलाले जीवनका हरेक क्षेत्रमा आफूलाई प्रमाणित गरिरहेकै छन् । यति हुँदाहुँदै पनि महिलामाथि हुने अत्याचारका कथाहरूले उनीहरूप्रति समाजको मानसिकता अझै परिवर्तन हुन नसकेको देखाउँछ ।

*अमर उज्यालाबाट साभार*

# चीन र रुसको भिटोले उत्तर कोरियाविरुद्धको प्रतिबन्ध प्रस्ताव असफल



**काठमाडौं/एजेन्सी-** उत्तर कोरियाविरुद्ध नयाँ प्रतिबन्ध लगाउने उद्देश्यले सुरक्षा परिषद्मा प्रस्तुत प्रस्ताव असफल भएको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का १३ सदस्य देशले अनुमोदन गरेको प्रस्तावलाई चीन र रुसले भिटो लगाएर असफल पारेका हुन् ।

चीनको मतको व्याख्या गर्दै संयुक्त राष्ट्र सङ्घका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले उत्तर कोरियामा सुरक्षा परिषद्का प्रस्तावहरूलाई व्यापक, पूर्ण र सही रूपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै सम्बन्धित देशहरूले नाकाबन्दीको कार्यान्वयनमा मात्रै एकतर्फी जोड दिन नहुने चीनको अभिमत व्यक्त गरे ।

समस्याको राजनीतिक समाधान खोजिनुपर्ने, हालको अवस्थामा, प्योङयाङविरुद्ध थप प्रतिबन्धहरूले समस्या समाधानमा मद्दत नगर्ने बरु थप नकारात्मक प्रभाव र टकरावलाई मात्र निम्त्याउने राजदूत झाङले बताए । कोभिड-१९ को पृष्ठभूमिमा थप प्रतिबन्धहरूले ठूलो मानवीय प्रभाव पार्ने उनले उल्लेख गरे ।

चीनले परिषद्को एकता र सहयोगलाई ठूलो महत्त्व दिन्छ, वर्तमान परिस्थितिमा परिषद्ले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्वमा बाधा पुऱ्याउने विषयमाथि विमर्श हुनुपर्ने तथा उत्तर कोरियाका जनताले सामना गरिरहेका जीविकोपार्जनका समस्याका बारेमा चिन्तित हुनुपर्नेमा उनले जोड दिए ।

प्रायद्वीपको अवस्था जटिल मोडमा रहेको उल्लेख गर्दै राजदूत झाङले चीनले फेरि पनि सबै पक्षलाई शान्त र संयमित हुन आह्वान गरेको र अमेरिकी पक्षलाई उत्तर कोरियाप्रतिको आफ्नो नीतिमा लाई गम्भीर भएर चिन्तन गर्न आह्वान गरे । साथै उनले वार्ता पुनः सुरु गर्नका लागि वातावरण बनाउन आग्रह समेत गरे । चीनले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्व कायम गर्न र आणविक निःशस्त्रीकरणलाई साकार पार्न रचनात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

संयुक्त राष्ट्रसंघको मस्यौदा प्रस्ताव पारित गर्न परिषद्का स्थायी सदस्य रुस, चीन, फ्रान्स, बेलायत र संयुक्त राज्य अमेरिकासहित कम्तीमा नौ मत आवश्यक पर्छ र पाँचवटै स्थायी सदस्यले प्रस्तावको पक्षमा मतदान गर्नुपर्ने प्रावधान छ ।

# भारत र पाकिस्तानबीच सोमबार नयाँदिल्लीमा वार्ता हुँदै



**काठमाडौं/एजेन्सी-** भारत र पाकिस्तानबीच सिन्धु जलस्रोत स्थायी आयोगको ११८ औँ वार्ता सोमबार नयाँदिल्लीमा हुने भएको छ । वार्तामा जलविद्युत् आयोजनामा पानीको समस्या बारेमा छलफल हुनेछ ।

प्रधानमन्त्री शेहबाज शरीफले अनुमोदन गरेको पाकिस्तानको पाँच सदस्यीय प्रतिनिधिमण्डल सोमबार नयाँदिल्ली पुग्ने तथा दुवै पक्षले सिन्धु जल सन्धिका प्रमुख परियोजनामा छलफल गर्नेछन् । दुवै पक्षले बाढीको अग्रिम सूचना र सिन्धु जलस्रोत स्थायी आयोगको वार्षिक प्रतिवेदनमा पनि छलफल गर्नेछन् । त्यसैगरी सिन्धु जल सन्धिको धारा ९ अन्तर्गत एक हजार मेगावाटको पाकल दुल, ४८ मेगावाटको तल्लो कालनाई र ६२४ मेगावाटको किरु आयोजना निर्माणबारे विचारविमर्श गर्ने अपेक्षा गरिएको छ ।

पाकिस्तानी प्रतिनिधिमण्डल वाघा नाका हुँदै नयाँदिल्ली पुग्ने सोमबार र मङ्गबार भारतीय अधिकारीहरूसँग बैठक सकेर बुधबार स्वदेश फर्कने कार्यक्रम रहेको छ । पाकिस्तानी आयुक्त सैयद मेहर अली शाहको नेतृत्वको प्रतिनिधिमण्डल आइतबार भारत प्रस्थान गर्नेछ ।

# २० देशमा फैलियो मंकीपक्स



**काठमाडौं/एजेन्सी-** विश्वका २० देशमा मंकीपक्सको संक्रमण फैलिएको पुष्टि भएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार विभिन्न देशमा मंकिपक्सबाट संक्रमित हुनेको संख्या बढिरहेको छ । हालसम्म विश्वभर २०० जनामा मंकिपक्सको संक्रमण देखिएको संगठनले जनाएको छ ।

यो संक्रमण विशेष गरि मध्य र पूर्वी अफ्रिकी क्षेत्रमा सामान्य रुपमा भेटिने गर्छ। अफ्रिकाबाट नै अन्य देशमा यो संक्रमण फैलिएको अनुमान गरिएको छ। केही महिना अघि मंकिपक्सको संक्रमण सुरुवातमा बेलायतमा देखिएको थियो । पछि इटाली, स्पेन, स्वीडेन, पोर्चुगल, अमेरिका, क्यानडा, स्वीटजरल्यान्ड, इजरायल लगायतका देशमा पनि यो भाइरसको संक्रमण देखिएको थियो ।

संगठनका अनुसार एक सयभन्दा बढीमा यो भाइरसको शंकास्पद लक्षण देखिएको छ । डब्लुएचओले संक्रमण देखिएका देशमा भाइरस थप फैलिन नदिने र नदेखिएका मुलुकहरूमा प्रवेश गर्न नदिन योजना बनाउन सबैलाई आग्रह समेत गरेको छ ।

# सांघाईमा लकडाउन हटाइँदै



**काठमाडौं/एजेन्सी-** दुई महिनादेखि कोभिड-१९ को लकडाउनबाट गुज्रेको चीनको सांघाई महानगर पुनः खोल्ने दिशामा अगाडि बढेको छ । सांघाईमा बुधबारदेखि लकडाउन अन्त्य गर्न लागिएको चिनियाँ सञ्चार माध्यमहरूले जनाएका छन् । संक्रमणका घटना कमी हुन थालेपछि धेरै मानिसहरूलाई उनीहरूको घरबाट बाहिर निस्कन अनुमति दिइएको छ ।

गत साता थप व्यवसायहरूलाई फेरि खोल्न अनुमति दिइएको थियो, यद्यपि अधिकांश बासिन्दाहरू उनीहरूको आवास कम्पाउन्डहरूमा सीमित छन् । सरकारले सार्वजनिक स्थानमा हिँडडुल गर्दा मास्क लगाउन र भेला नगर्न अनुरोध गर्दै आएको छ । 'सार्वजनिक रूपमा मास्क लगाउनुहोस्, भेला नगर्नुहोस् र सामाजिक दूरी राख्नुहोस्', सांघाई महानगरका स्वास्थ्य आयोगका उपनिर्देशक झाओ डन्डनले दैनिक पत्रकार सम्मेलनमा भने ।

सामाजिक सञ्जालमा देखिएका केही भिडियोमा सहरको मध्येक्षेमा शक्रबार राति रमाइलो गरिरहेका मानिसहरूलाई प्रहरीले अवरोध गरेर उनीहरूलाई घर जान अनुरोध गरेको देखिन्छ । उता राजधानी बेइजिङमा भने कोभिडसम्बन्धी कडा प्रतिबन्ध कायमै छ । संक्रमणका केस घटेपनि बेइजिङमा मानिसका गतिविधिमा भने कठोर प्रतिबन्ध लगाइएको छ ।

सांघाईका अधिकारीहरूले शनिबार निरन्तर सतर्कता अपनाउन आग्रह गरेका छन् । लकडाउनका कारण साढे २ करोड मानिस बसोबास गर्ने सांघाईमा व्यापार व्यवसाय प्रभावित भएको छ ।

# इथियोपियामा एक दर्जन बढी पत्रकार पक्राउ

**काठमाडौं/एजेन्सी-** अफ्रिकी मुलुक इथियोपियामा एक दर्जनभन्दा बढी पत्रकार पक्राउ परेको सञ्चारकर्मी तथा अधिकारकर्मी समूहले बताएका छन् । अन्तर्राष्ट्रिय समुदायले चासोका साथ हेर्दै आएको उक्त धरपकडमा अपराध विरोधी अभियानमा संलग्न चार हजारभन्दा बढी मानिसहरूलाई पक्राउ गरी कडा सुरक्षा नियन्त्रणमा राखेको पत्रकार तथा अधिकार समूहहरूले बताएका हुन् ।

पछिल्लो समय अभियानबारे समाचार लेखेको आरोपमा पत्रकारहरूलाई पनि निसाना बनाइएको बताइएको छ । हालैको गिरफ्तारीमा अम्हारिक भाषाको पत्रिका 'फितिह' का प्रधान सम्पादक टेमेजेन डेसालेगन पनि परेका छन् । उनलाई बिहीबार बिहान आफ्नो कार्यालयबाट सादा पोषाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरेका उनका सहकर्मी मिस्गन जिनाबुले एएफपीलाई बताए । उनले भने- 'सुरुमा त उनीहरूले टेमेजनलाई स्थानीय प्रहरी चौकीमा लगे । सुरक्षा बलले उनलाई पछि गोप्य स्थानमा सारेको छ ।' उनलाई कहाँ राखिएको भन्नेबारे कुनै जानकारी आएको छैन ।

प्रहरीले टेमेजेनको घरमा पनि आक्रमण गरेका पत्रिका, डिस्क ड्राइभ र क्यामेरा जफत गरेका बताइएको छ । अर्का पत्रकार तथा युट्युबर यायसेवे शिमेलीस बिहीबार दिउँसो राजधानी अदिस अबाबास्थित घरबाट पक्राउ परेको उनका पूर्व सहकर्मी बेकल अलामिरेले एएफपीलाई बताए । पूर्व टिभी प्रस्तोतालाई शुक्रबार अदालतमा उपस्थित गरिएको बताउँदै उनले भने, 'याइसेवलाई प्रहरीले समाचारमार्फत हिंसा भड्काउने काम गरेको आरोप लगाएको छ ।'

दुवैले आफ्नो युट्युब च्यानलमा इथियोपियाली घटनाक्रमलाई रिपोर्टिङ गरेको थिए । दुवैले गत हप्ता अम्हारामा उनीहरूका स्टुडियोहरूमा छापा मारिएको र कर्मचारीहरूलाई लगिएको बताएका थिए । पक्राउ धेरै पत्रकारहरूलाई कहाँ राखिएको छ भन्ने जानकारी गराइएको छैन । अशारा नामक समाचार संस्थाले पनि आफ्ना यसका पाँच जना कर्मचारीलाई पक्राउ गरिएको बताएको छ ।

युट्युबमार्फत् कार्यक्रम चलाउँदै आएका प्रसिद्ध कार्यक्रम प्रस्तोता सोलोमन शुमीलाई पनि गत हप्ता राजधानी अदिस अबाबाबाट पक्राउ गरिएको थियो । उनीमाथि पनि हिंसा भड्काउने खालका सामग्री प्रसारण गरेको आरोप लगाइएको उनकी दिदी टिगिस्ट शुमीले बताइन् ।

इथियोपियामा अपराध तथा भ्रष्टाचारविरोधी आन्दोलनले उत्कर्ष स्वरूप लिन थालेपछि त्यहाँको प्रशासनले चर्चित अभियन्ताहरूलाई पक्राउ गरेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/१५

**एडुकेसन सिटी प्रा.लि.** को मिति **२०७९/०१/१३** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नोबेल गुरुज प्रा.लि. (प्रा. लि. नं.: १३७४८०)**, कायम गर्ने गरी मिति **२०७९/०२/१३** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०२/१५

यस कम्पनीको मिति २०७९/०१/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **गुहेश्वरी बेड एण्ड ब्रेक फास्ट प्रा.लि. (प्रा.लि. नं. १८९३८२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुहेश्वरी क्यापिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०२/१५

यस कम्पनीको मिति २०७९/०२/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एम. बि. एस ट्राभल एण्ड टुर्स प्रा.लि. (प्रा.लि. नं. १३३११६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेल बिल्डर्स नेपाल एडभेन्चर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हरिनारायण मेमोरियल भोकेशनल ईन्स्टिच्युट प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिती २०७५/०२/०८ दर्ता भएको **हरिनारायण मेमोरियल भोकेशनल ईन्स्टिच्युट प्रा.लि.(दर्ता नं. १८९९३०/०७४/०७५)** को मिति २०७९/०२/१४ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः लक्ष्मण श्रेष्ठ, इजाजतपत्र नं. ३६९**
**फोन नं. ९८५१०७८५४०**

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/२/१५**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ १६२८.२८ क्यू फिट र साल दाउरा २.२५ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**अकलादेवी सा.व.उ.स. देवघाट ३ , तनहुँ**


## साउदीमा रोजगारको अवसर

२. कम्पनी : NOURA SAUD SAAD AL - SUFYANI CAFE TO SERVE DRINKS — शहर : TAIF

पूर्व स्वीकृत मिति: २०७८/१२/२४ | चलानी नं.: ६०१७७५२३ | L.T. No.: 261010 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २२ गते (5 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४

**Mac International Manpower Pvt. Ltd.**
Pinglasthan-9 Gaushala Kathmandu, Nepal
Tel-: +977-1- 4589970, 4589920. Mobile: 9813591490
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

## SAUDI मा रोजगार

कम्पनी : Abdullah Mohammed Akash Al-Anzi Factory for Industry — शहर : Saudi

पूर्व स्वीकृत मितिः २०७९/०२/१३ | चलानी नं.: ६०१७९९२२ | LT. No.: 263610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २२ गते ( 5 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144, 9817963472
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com

## MALAYSIA मा रोजगारको अवसर

१. कम्पनी : KERJAYA PROSPEK (M) SDN BHD. — शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०२/१३ | चलानी नं.: ६०१७९९०५ | LT. No.: 263810

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २२ गते (5 June 2022) मा हुनेछ ।

२. कम्पनी : NOTION VENTURE Sdn. Bhd — शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०२/११ | चलानी नं.: ६०१७९९०४ | LT. No.: 263595

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 93 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६३५/०६३/०६४

**खगोल ओभरसिज प्रा. लि.**
Email: info@khagoloverseas.com, khagoloverseas@gmail.com, khagolnepal@gmail.com
बानेश्वर, काठमाडौं, फोनः ५२४४०४६, ५२४४७४७. मोः ९८६१९७११९६, ९८१८२८४८६७

## INTERSCAFF SAFETY
International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services

NOTE: We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार

सिंगो जीवन नै चलचित्र क्षेत्रमा व्यतित गरेका वरिष्ठ ड्रेस डिजाईनर **कमल प्रसाद मिश्र**ले दुई सय भन्दा बढी चलचित्रमा काम गरिसकेका छन् । नेपाल चलचित्र प्राविधिक संघका कार्य समितिका सदस्य समेत रहेका मिश्रले तुलसी घिमिरे निर्देशित 'अन्याय'बाट सिने यात्रा शुरु गरेका हुन् । अहिले पनि निरन्तरता दिइरहेको भएपनि विगत ६ वर्षदेखि घाँटीको क्यान्सरबाट पीडित बनेपछि आफ्नो नियमित काममा बाधा पुगेको उनले बताए । वृद्धावस्था, आर्थिक रुपले कमजोर त्यसमाथि क्यान्सर पीडित मिश्र राज्यबाट आफु जस्तोले विशेष किसिमको चलचित्रकर्मी परिचयपत्र, पुरस्कार तथा सम्मान, भत्ता जस्ता सेवा सुविधाको व्यवस्था गर्नु पर्नेमा जोड दिन्छन् । नेपाली चलचित्र क्षेत्रको द्वन्द्व निर्देशनका गुरुबा स्व.गोपाल भुटानीको समेत सहायक बनेर काम गरेका मिश्रलाई बिभिन्न संघ, संस्थाले पुरस्कृत तथा सम्मान गरेको छ । पर्दा पछाडि रहेर महत्वपुर्ण भूमिका निभाउने शालिन स्वभावका व्यक्तित्व मिश्रले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

## 'घाँटीको क्यान्सरका कारण समस्यामा परेको छु'



**कमल मिश्र**, ड्रेसम्यान

**नेपाली चलचित्र क्षेत्रको अवस्था कस्तो छ ?**

हाल नेपाली चलचित्रको अवस्था धेरै नै नाजुक छ ।

**तपाईंले काम शुरु गर्नुभएको समय र अहिलेको अवस्थालाई कसरी मुल्यांकन गर्नु हुन्छ ?**

हाल नेपाली चलचित्रलाई मुल्यांकन गर्नु पर्दा पहिला एनोलक सिस्टममा कार्य गर्दा धेरै नै दुःख गर्नुपर्थो भने हाल डिजिटल प्रविधिमार्फत कार्य गर्दा सहजरुपमा कार्य गर्न पाउँदा खुसी लाग्छ ।

**चलचित्रमा ड्रेसम्यानको भूमिका के हो ?**

ड्रेस डिजाइनरको भूमिका भन्नु पर्दा पर्दामा देखिने कलाकारको भूमिका अनुसार सुहाउने पोशाकको तयारी गर्नु हो ।

**काम गर्दा कुनै बिर्सनै नसकिने घटना छन् कि ?**

नबिर्सिने घटना भन्नुपर्दा निर्देशक रिमेश अधिकारीज्यूसँग चलचित्र नालापानीमा कार्य गर्दागर्दै अचानक घाँटीमा क्यान्सर भएर हालसम्म अस्वस्थ भएर जिवन जिउनु परेकोमा अवस्मरणीय क्षण यही रहेको छ ।

**यो क्षेत्रमा यति लामो समय बिताउनु भयो के गुमाए जस्तो लाग्छ ?**

यो क्षेत्रमा मैले गुमाएको क्षण भन्नुपर्दा आफु अस्वस्थ भई कार्य गर्न असक्षम हुँदा सबै थोक गुमाए जस्तो लाग्छ ।

**प्रायः सबै कलाकारसँग काम गर्नुभयो होला सहज कोसँग लाग्यो ?**

सम्पूर्ण कलाकारसँग कार्य गर्दा सहज नै महसुस गरें ।

**पछिल्लो समय देखिएको स्टारडमबारे के भन्नु हुन्छ ?**

स्टारडमको कुरा गर्नुपर्दा सम्पूर्ण कलाकार मेरो लागि आफ्नो भूमिका अनुसार स्टारडम नै हुन् जस्तो लाग्छ ।

**राज्यले चलचित्र क्षेत्रलाई उद्योगको मान्यता दिएपनि व्यवहारमा लागू हुन नसक्नुको कारण ?**

चलचित्र क्षेत्र उद्योगको रुपमा आउन नसक्नुको कारण राज्यले नेपाली चलचित्र क्षेत्रको आर्थिक, सांस्कृतिक, धार्मिक, विश्वसामु पुऱ्याएको योगदानको महत्व नबुझ्नु र चलचित्रकर्मीहरु बीच एकता हुन नसक्नु जस्तो लाग्छ ।

**युवा पुस्ताले नेपाली चलचित्रलाई चासो नदिनुमा कसको दोष देख्नु हुन्छ ?**

युवापुस्ताले नेपाली चलचित्र क्षेत्रलाई चासो नदिनुको खास कारण पोर्न मुभी हेर्नु, टिकटक बनाउनमा व्यस्त हुनु, उत्कृष्ट चलचित्र निर्माण गर्न नसक्नु हो जस्तो लाग्छ ।

**थला परेको यो क्षेत्रको विकासको लागि केमा सुधार गर्नुपर्ला ?**

राज्यले चलचित्र क्षेत्रको विकासको लागि चलचित्र उद्योगमा मान्यता दिनुपर्ने, चलचित्र निर्माणमा ऋणको व्यवस्था गर्ने, चलचित्रकर्मीहरुलाई प्रोत्सहानका लागि कार्यक्रमहरु संचालन गर्ने, भविष्यको सुनिश्चीतता गर्ने, चलचित्रकर्मीको हित हुने खाले नीति तयार गर्नुपर्ने देखिन्छ ।

**यो क्षेत्रमा लागेर सन्तुष्ट हुनुहुन्छ ?**

यस क्षेत्रमा लागेर म खुसी नै छु ।

**वृद्धावस्थामा हुनुहुन्छ, तपाईंहरु जस्तो यसै क्षेत्रमा आफ्नो जीवन बिताउनु भएकाहरुलाई राज्यको दायित्व के हुन पर्छ ?**

हामी जस्तो पूरा जिन्दगी यसै क्षेत्रमा समर्पित गर्ने अझ प्राविधिकहरुको जिवनस्तर अरु चलचित्रकर्मीको तुलनामा कमजोर हुन्छ । राज्यले हामीलाई विशेष किसिमको चलचित्रकर्मी परिचयपत्र, पुरस्कार तथा सम्मान, भत्ता जस्ता सेवा सुविधाको व्यवस्था गर्नुपर्छ ।

**यो क्षेत्रमा यति लामो अनुभव संगाल्नु भएको व्यक्ति नयाँ आउन चाहनेहरुको लागि के सुझाव दिन चाहनु हुन्छ ?**

यस क्षेत्र बाहिरबाट हेर्दा नराम्रो देखिए पनि त्यस्तो छैन । यस क्षेत्रमा प्रवेश गर्दा चलचित्र क्षेत्रको बारेमा राम्रोसँग बुझेर र अध्यायन गरेर आउँदा भविष्य सुनिश्चित गर्न सकिन्छ भन्न चाहान्छु ।

**अहिलेसम्म कति चलचित्रमा काम गर्नुभयो ?**

लगभग २००, अझ त्यो भन्दा बढी नै भयो होला ।

**अन्त्यमा समग्र चलचित्र क्षेत्रको हितको लागि यसमा आवद्ध कलाकार, प्राविधिक र लगानीकर्तामा के परिवर्तन हुनु आवश्यक देख्नु हुन्छ ?**

कलाकार, प्राविधिक, निर्माता परिवर्तन हुन अनुशासन, लगनशिलता, परिपक्वता, अध्ययनका साथै जिम्मेवारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यक देखिन्छ ।

## करिश्मा र बेनिशाले खोले सुन्दरताको राज



**काठमाडौं / मस–** अभिनेत्री करिश्मा मानन्धरले आफुले सुन्दरताको लागि गुणस्तयुक्त कस्मेटिकमा कहिल्यै पनि सम्झौता नगर्ने बताएकी छिन् । बाल्यकाल देखि नै आफु कस्मेटिक प्रति निकै सजक भएको उनको कथन छ ।

बिहिबार काठमाडौंमा एक समारोहबीच जापानको अन्तराष्ट्रिय उत्पादन व्युटी कस्मेटिक 'डि एच सी'को स्किन सम्बन्धि विभिन्न २१ वटा उत्पादन सार्वजनिक गर्दै अभिनेत्री करिश्माले यस्तो भनाइ राखेकी हुन् । हलिउडका कलाकारहरुले महत्वका साथ प्रयोग गर्दै आएको यो उत्पादन नेपालमा भित्रिएकोमा अभिनेत्री करिश्माले खुसी व्यक्त गरिन् । कार्यक्रममा अभिनेत्रीहरु करिश्मा मानन्धर, बेनिशा हमाल, गायिका तृष्णा गुरुङ, मोडल उषा उप्रेती, हिमान्चल ट्रेडिङका अध्यक्ष नारायण प्रसाद न्यौपाने, प्रवन्ध निर्देशक सुजन न्यौपाने, डि एच सीका नेपाल सेल्स म्यानेजर कमल भारतीले डि एच सीका २१ वटा उत्पादको सँयुक्त लोकार्पण गरे ।

विश्वका मानिसहरुको मन जितेर सबैलाई प्राकृतिक रुपमै सुन्दर बनाउँदै आएको सौन्दर्य सम्बन्धि अन्तर्राष्ट्रिय उत्पादन डि एच सीलाई आफुले सार्वजनिक गर्न पाउँदा निकै खुसी लागेको पनि करिश्माले बताइन् । जापानमा कस्मेटिक अवार्ड जितेको यो उत्पादन प्रति आफु विश्वस्त भएको पनि करिश्माले बताइन् । यस्तै अभिनेत्री बेनिशा हमालले विश्वमा प्रति सेकेन्ड कम्तिमा एक उत्पादन बिक्री हुने डि एच सी आफुहरुको लागि झनै उपयोगी हुने गरेको उनले बताइन् । नायिका भएका कारण आफु छालाको सुन्दरता र स्वास्थ्य प्रति निकै सजक भएको र विदेशबाट मगाउने गरेको यो उत्पादन अब नेपालमै किन्न पाउँदा आफुहरु झनै खुसी भएको पनि उनले बताइन् ।

मोडल उषा उप्रेतीले नारीहरुको सुन्दरतामा व्युटी उत्पादनको निकै महत्व हुने गरेको बताइन् । नक्कली कस्मेटिक सामग्रीले छालालाई असर पारेको बेला यो अन्तराष्ट्रिय क्षेत्रमै लोकप्रिय जापानिज उत्पादन डि एच सीले नेपालीहरुको सुन्दरतामा अझ निखार ल्याउने बताइन् ।

नेपालमा डि एच सीको उत्पादन भित्राउन सफल कम्पनी हिमाञ्चल ट्रेडिङका प्रबन्ध निर्देशक सुजन न्यौपानले कार्यक्रममा भने, 'जापानमा क्लिनिकली प्रमाणित भएको आई एस ओबाट प्रमाणित डि एच सीको उत्पादन हलिउडका स्टारहरुको समेत पहिलो नम्बरको रोजाईमा परेको कस्मेटिक हो र यो अन्तराष्ट्रिय ब्रान्ड विश्वका ३५ भन्दा बढी देशमा बिक्री वितरण हुँदै आएको छ ।

## 'दोख'को प्रदर्शन मिति घोषणा

**काठमाडौं / मस–** फिल्म 'दोख'को प्रदर्शन मिति घोषणा गरिएको छ । बुधवार निर्माण टिमले एक पोस्टर सार्वजनिक गर्दै अगामी असार २४ गते (जुलाई ८) लाई प्रदर्शन मिति घोषणा गरेको हो । फिल्मले द्वन्द्वकालिन समयको कथालाई उठान गरेको पोस्टरले बुझाउँछ । गत वर्षको बैशाखमा सार्वजनिक गरिएको फिल्मको 'रातैले बुन्छ' गीतले ठूलो चर्चा र प्रशंसा बटुलेको थियो ।

कलाकार अनुप बरालको निर्देशनमा तयार भएको फिल्ममा दीया मास्के, मनीष निरौला, लोकमणि सापकोटा, माओत्से गुरुङ, रोय दीप, सुरज मल्ल, देव न्यौपाने, अनोज पाण्डे, सजन थापा, कमल देवकोटा, किरण चाम्लिङ, केशव राई, दिवज राईलगायतका कलाकारहरुको मुख्य अभिनय रहेको छ । शैलेन्द्र डी कार्कीले छायांकन गरेको फिल्ममा राजन कठैतको कथा तथा पटकथा छ ।

गाउँमा हुने फुटबल खेलसँग जोडिएर पावर, पोलिटिक्स र रिभेन्जको अनौठो तानाबुना फिल्ममा बुनिएको छ । सविन ज्ञवाली र मनोज अधिकारी निर्माता रहेको फिल्ममा भीम न्यौपाने, ओम गुरुङ, रन्जु वाग्ले कार्यकारी निर्माताको रुपमा छन् । भोजपुरको सुन्तले र बाघखोर वरपर खिचिएको 'दोख'को वितरण काठमाडौंभित्र जिजिए ग्रुप र काठमाडौंबाहिर एफडी कम्पनीले गर्नेछन् ।


**ह्योन्जन ईनर्जी प्रा.लि. को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति **२०६४/०६/२१** मा दर्ता भएको **ह्योन्जन ईनर्जी प्रा.लि. (प्रा.लि. दर्ता नं. ४८६१४/०६४/०६५)** को मिति **२०७९/०१/२५** गते बसेको विशेष साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्वय भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय अनामनगर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटरः सुनिल रजौरे**
**इजाजत पत्र नं. ३८९ फोन नं. ९८१८०९७८५५**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/१५**

**एकर नेपाल प्रा.लि.** को मिति **२०७९/०२/०४** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एकोर ईन्टरनेशनल ट्रेनिङ्ग प्रा.लि. (प्रा. लि. नं.: ५३७७७)**, कायम गर्ने गरी मिति **२०७९/०२/०९** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**साउदीमा रोजगारको अवसर** | कम्पनीः **AL ZAZEERA STYLE TRADING EST** शहरः **JEDDAH**

पुर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९९२१ LT. No.: 263443

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com



**UAE मा रोजगार** | कम्पनीः **MAX SECURE SECURITY SERVICES LLC** शहरः **DUBAI**

पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९९०७ LT. No.: 263787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 0 | स. काममा दक्ष | 1600 | ५३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २२ र २३ गते (5 & 6 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Wish HR Solution Pvt. Ltd.**
Gov. Lic. No.: 1425/074/075
Kalimati Dol, Sinamangal-9, Kathmandu, Tel: 4596093, 4597897
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com
Mobile. : 9851041347, 9843203326, 9841626616, 9803495710, 9818900148, 9849506694



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

FREE VISA! FREE TICKET! FREE PASSPORT! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING!
FREE TRANSPORTATION, LODGING & MEALS (FROM SELECTION-TILL DEPARTUTE)
निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क राहदानी ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क यातायात, आवास र खाना (छनोट पस्चात–उडान अवधिसम्म)

रोजगारदाता कम्पनी : केयरग्लोब ग्लोबल एसडिएन. बिहचडि., ठेगाना : सेरेम्बान, नेगरी, सेम्बिलान
(Employer Company) : CAREGLOVE GLOBAL SDN BHD Address: Seremban, Negeri Sembilan

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०७९/०२/१२ | चलानी नं.: | ६०१७९८३६ | एल टि नं.: | २६३६७७ |
| Pre Approval Date: | 2022/05/26 | Invoice No.: | 60179836 | L.T. No.: | 263677 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) औद्योगिक कामदार | २०० 200 | ० 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४२,१७८ 42,178 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

अनलाईन अन्तर्वार्ता ट्रेन्डवे इन्टरनेशनल अफिस, मध्य बानेश्वर, मिलन चोक, काठमाडौंमा मिति २०७९ जेठ २०, गते मा हुनेछ ।
Online interview will be held at Trendway Int'l office, Mid baneshwor, Milan chowk, Kathmandu on 3, June 2022.

अन्तर्वार्ता कोभिड–१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं ।
If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.
Helpline:+977 9869135666 | Email: grievance@trendwayinternational.com

ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्तकर्ता छैन ।
Trendway International does not have any branch or mediator/sub agent representative.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Beyond Horizon... Trendway International Pvt. Ltd. License No. 616/063/064
**ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.**
Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगानाः घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१–४१०५०१६, ०१–४१०५०१७
: 9801162555, 9801189555 (९८०११६२५५५, ९८०११८९५५५)
Hotline Number (हटलाईन नम्बर): 9851301000 (९८५१३०१०००)

# एकदिवसीय सिरिजका लागि नेपाली टोली अमेरिकातर्फ



**काठमाडौं/मस–** अमेरिकामा आयोजना हुन लागेको आईसीसी विश्वकप लिग-२ क्रिकेट प्रतियोगिता अन्तर्गत त्रिकोणात्मक एक दिवसीय सिरिजका लागि नेपाली टिम शनिबार अमेरिका गएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले एक कार्यक्रमको आयोजना गरेर शृंखला भ्रमण गर्न लागेको टोलीलाई शनिबार बिदाइ गरेको हो । टोलीलाई युवा तथा खेलकुदमन्त्री महेश्वर जंग गहतराज, क्यानका अध्यक्ष चतुर बहादुर चन्द लगाएतको टोलीले बिदाइ गरेको हो ।

भ्रमण गर्न लागेको टोलीलाई युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले सफलताको शुभकामना दिए । बिदाइ कार्यक्रममा बोल्दै नेपाली टोलीका कप्तान सन्दीप लामिछानले तयारी राम्रो भएकाले नतिजा पनि राम्रो आउने विश्वास व्यक्त गरे। धेरै खेल खेल्न बाँकी रहेकाले नेपाली टोलीलाई अर्को चरण पुग्नका लागि पनि शृखंला निकै महत्वपूर्ण रहेको बताए । कप्तान लामिछानेले ब्याटिङ पक्षमा सुधार भएको र अमेरिका भ्रमणमा ब्याटिङ पक्षले जिताउनेमा आफू आशवादी रहेको बताए।

'अमेरिकाको वातावरण हाम्रो जस्तै रहेको छ। केही बढी हिउमिडिटी रहेको छ। हामी त्यसका लागि तयार भइसकेका छौं र टोलीले पनि सोही अनुसार तयारी पनि गरेको छ। टिमको हकमा टोली सन्तुलित टोली छ । हामी सबै पक्षमा तयार छौं । हामी एक दिवसीय मान्यतालाई जोगाउने भन्दा हामीले हाम्रो खेललाई सुखद बनाउने योजनामा हुनेछौं । राम्रो भएको अवस्थामा एक दिवसीय मान्यता अवस्य जोगिनेछ । भ्रमण एक दिवसीय मान्यता मात्र होइन, क्वारिफायर राउन्ड पनि हो। अघिल्लो चरणमा पुग्नका लागि चुनौतीहरु छन् र चुनौती सामना गर्न हामी तयार छौं । पछिल्लो समय हाम्रो ब्याटिङ पक्ष सन्तोषजनक थिएन। यो बीचमा हामीले खेलेको शृंखलामा त्यो पक्षलाई सुधार गरेका छौं, जसले गर्दा खेलाडीको रिदम फिर्ता आएको छ । अमेरिका भ्रमणमा हामीले ब्याटिङबाटै जित आत्मसात गर्छौं,' कप्तान लामिछानेले भने, '१२ वटा मात्र खेल खेलेका छौं । सबैले हाम्रो तालिका हेर्दा तल हरेको लाग्न सक्छ । हामीले अझै २४ खेल खेल्न बाँकी छ। अहिलेको अवस्थामा सबैले उत्तिकै मिहिनेत गरि राख्नु भएको छ । प्रशिक्षकले भनिरहनु भएको छ, एसोसियट राष्ट्रमा यतिको बलियो टोली कुनै पनि छैन । अहिलेको अवस्थामा सुधार आवश्यकता भन्दा पनि हामीलाई मानसिक हिसाबमा सिद्ध गर्नु पर्ने रहेको छ। पहिलो पटक नेपाली टोली अमेरिका भ्रमण शृंखला खेल्नका लागि जाँदै छ । तयारीलाई राम्रोसँग सदुपयोग गरेका छौं । धेरै भन्दा धेरै खेलमा जित निकाल्ने लक्ष्यमा हामी रहेका छौं ।'

पहिलो पटक शृंखलाका लागि नेपाली टोली अमेरिका भ्रमण गर्न लागेको हो । नेपालले अमेरिका भ्रमण गर्दा आयोजक अमेरिका र ओमानसँग त्रिकोणात्मक शृंखला खेल्नेछ । शृंखला पूर्व नेपाली टोली अमेरिकामा त्यहाँका दुई क्लबसँग अभ्यास खेल खेल्ने तालिका समेत रहेको छ । नेपाली टोलीलाई सम्हालेका मुख्य प्रशिक्षक पुबुदु दशानायकेले नेपाली टोली तयारी राम्रो भएको सुखद नतिजा निकाल्नमा आफू आशावादी रहेको प्रतिक्रिया दिए ।

उनले भने, 'नेपाल भित्रको अभ्यासमा हामीले तयारी राम्रो गरेका छौं । पछिल्ला ५/६ साता टोलीले निकै मिहिनेत गरेको छ। यो बीचमा हामीले आपसमा धेरै खेल पनि खेल्यौं । अभ्यास थालनी गर्दा हामीले युवा खेलाडीमा केन्द्रीत रहेर अभ्यास थालेका थियौं । टोलीको प्रदर्शनमा म विश्वस्त पनि छु। यो मिहिनेतले हामीले एक दिवसीय मान्यतालाई गुमाउने छैनौं । अमेरिका भ्रमणलाई सार्थक बनाउँदै हामी तालिका स्थान सुधार गर्न चाहन्छौं । शृंखला टोलीको पक्षमा आउनेमा म आशावादी छु ।'

लिग-२ शृंखला अन्तर्गत नेपालले पहिलो खेल ओमानसँग जुन नौं तारिखमा खेल्नेछ । त्यसपछि जुन ११ मा नेपाली टिमले अमेरिकासँग खेल्नेछ भने जुन १४ मा ओमानसँग दोस्रो खेल खेल्ने तालिका रहेको छ। यस्तै जुन १५ मा अमेरिकासँग दोस्रो खेल्ने छ । आईसीसी विश्वकप लिग-२ प्रतिस्पर्धा गरिरहेका ७ टिमले ३६ वटा म्याच खेल्नु पर्छ । अहिलेसम्म ३२ म्याच खेलेको ओमानले १९ खेलमा जित र १ खेलमा बराबरी गर्दा १ खेल भने नतिजा विहीन बनेको थियो। ओमान ४० अंकसहित शीर्ष स्थानमा रहेको छ।

यसैगरी स्कटल्याण्ड २४ अंकसहित दोस्रो स्थानमा रहँदा युएई २२ अंकसहित तेस्रो स्थानमा रहेको छ।१२ खेल खेलेको नेपाल अहिले छैटौं स्थानमा छ । पपुवा न्युगिनीले २० खेलमा प्रतिस्पर्धा गर्दा एक मात्र जित निकाल्दै २ अंक जोडेर तालिकाको पुछारमा छ। अमेरिका पाँचौं स्थानमा छ भने नामिविया चौथो स्थानमा रहेको छ । ७ मध्य शीर्ष ३ मा पर्ने टिमले अर्को वर्ष हुने विश्वकप क्रिकेटको छनोटका लागि स्थान बनाउने छन् ।

# नेपालको यू-१९ महिला विश्वकप छनोट खेल्ने टोली घोषणा

**काठमाडौं/मस–** मलेसियामा आयोजना हुने एसीसी यू १९ विश्वकप एशिया छनोटका लागि नेपाली टिमको घोषणा गरिएको छ । जेठ २० गतेबाट मलेसियामा आयोजना हुन लागेको प्रतियोगिताका लागि नेपाली टिमको घोषणा गरिएको हो । कृतिका मरासिनीको कप्तानीमा १४ सदस्यीय नेपाली टिमको घोषणा गरिएको हो ।



नेपाली टिमले पहिलो खेल कतारसँग खेल्ने छ । यहि जेठ २० गतेबाट हुने प्रतियोगितामा नेपालको पहिलो प्रतिद्वन्द्वी कतार रहेको छ भने दोस्रो खेल जुन चार अर्थात जेठ २१ गते यूएईसँग खेल्नेछ। यस्तै नेपालको तेस्रो खेल जुन ६ मा भुटानविरुद्ध रहेको छ। नेपालले चौथो खेल सात जुनमा थाइल्याण्डसँग खेल्नेछ भने जुन नौंमा मलेसियासँग खेल्नेछ ।

अर्को वर्ष दक्षिण अफ्रिकामा हुने टी २० विश्वकपका लागि भएको छनोटमा नेपाल शिर्ष स्थानमा रहेको खण्डमा त्यो ढोका खुल्नेछ । नेपालले यो प्रतियोगिता पहिलो पटक खेल्न लागेको हो । यू १९ टी २० महिला विश्वकप छनोटमा कुल १६ टिमको सहभागिता रहनेछ ।

नेपाली टिममा कृतिका मरासिनी (कप्तान), स्नेहा महरा (उपकप्तान), श्रृष्टि जैसी, मनिषा उपाध्याय, मनिषा रानामगर, एलिसा यादव (विकेट किपर),साना प्रभिन, रञ्जु श्रेष्ठ (विकेट किपर), आस्मा पुलामी मगर, सानु राजवंशी, किरण कुवँर, अन्जली विके, अनु कडायत र सुस्मिता भुसाल रहेका छन् ।

# कान्तिपुर हाफ म्याराथन जेठ २१ गते

**काठमाडौं/मस–** १० औं संस्करणको कान्तिपुर हाफ म्याराथन जेठ २१ गते शनिबार हुने भएको छ । कान्तिपुर पब्लिकेशन्सले शुक्रबार पत्रकार सम्मेलन गर्दै हाफ म्याराथन जेठ २१ गर्ने जनाएको हो। प्रतियोगितामा पुरुष र महिलाको हाफ म्याराथन, कर्पोरेट दौड र ह्वीलचियर दौड विधा समावेश गरिएको छ। यस पटक झन्डै ४ हजार धावक सहभागी हुने आयोजकले पत्रकार सम्मेलनमार्फत जानकारी दियो ।



हाफ म्याराथनको महिला पुरुष विजेताले १ लाख, उपविजेताले ५० हजार र तेस्रोले ३० हजार पाउने छन । चौंथोले २० हजार र पाँचौंले १० हजार पाउनेछन् । कर्पोरेटको विजेताले पोखरामा २ रात र ३ दिन घुम्ने प्याकेज उपलब्ध गराईनेछ । उपविजेताले नगरकोटमा १ रात र तेस्रोले माउन्टेन फ्लाइटको प्याकेज पाउने छन। ह्वीलचेयरको विजेताले ३० हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार पाउने छन्।

हाफ म्याराथन कान्तिपुर पब्लिकेशन्सको मुख्यालय थापाथलीस्थित सेन्ट्रल बिजनेस पार्कबाट सुरु भई माइतीघर, बिजुलीबजार, नयाँ बानेश्वर, तीनकुने, कोटेश्वर, गट्टाघर, सानोठिमी, सल्लाघारी पुगेर सोही रुटमा फर्कदै बिजनेस पार्कमा समापन हुनेछ । कोभिड-१९ को कारण दुई वर्षपछि आयोजना हुन लागेको हो । यस पटकको प्रतियोगिताको मुख्य नारा जलवायु परिवर्तन रहेको छ ।

# प्रिन्सको वरीयता खस्कियो

**काठमाडौं/मस–** ब्याडमिन्टनका यूवा स्टार प्रिन्स दाहालको जुनियर विश्व वरीयता घटेको छ । विश्व ब्याडमिन्टन महासंघ (बीडब्लुएफ) ले सार्वजनिक गरेको नयाँ वरीयतामा प्रिन्स शीर्ष स्थानबाट ७ स्थान तल झरेका छन् । नयाँ वरीयतामा प्रिन्स सातौं स्थान रहेका छन्। अप्रिलको वरीयतामा प्रिन्स शीर्ष स्थानमा रहेका थिए । पछिल्लो समय कुनै पनि अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताहरुमा सहभागिता नभएको कारण उनको वरीयता घटेको हो । ब्याडमिन्टनको विश्व वरीयताको शीर्ष स्थानमा पुग्ने प्रिन्स पहिलो नेपाली खेलाडी हुन् ।

विश्व ब्याडमिन्टन महासंघले पुरुषतर्फ जुनियर र सिनियरतर्फ गरि दुई स्पर्धामा वरीयता सार्वजनिक गर्दै आएको छ ।

# एन्फा चुनावमा को–को छन् मैदानमा ?

**काठमाडौं/मस–** नयाँ नेतृत्वसहित २१ सदस्यीय कार्यसमिति चयनका लागि असार ६ गते अखिल नेपाल फुटबल संघ (एन्फा) को निर्वाचन हुँदै छ। जेठ ६ गते देखि १२ गते सम्मलाई समय तोक्दै निर्वाचनमा भाग लिन मनोनयन दर्ताको समय तोकिएको थियो । समितिले दिएको समयसीमा बिहीबार सकिएको छ। समितिका अनुसार अध्यक्षसहित विभिन्न पदमा ५४ जनाको उम्मेदवारी परेको छ ।



अखिल नेपाल फुटबल संघ (एन्फा) को नयाँ नेतृत्वका लागि मनोनयन दर्ता गराउने अन्तिम बिहीबार दिन थियो। असार ६ गते हुने निर्वाचनका लागि एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, चार उपाध्यक्ष, १३ केन्द्रीय सदस्य र दुई महिला सहित २१ जना सदस्यको चयन गर्नेछ । आसन्न निर्वाचनको अध्यक्षका पदका लागि वर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पा र वरिष्ठ उपाध्यक्ष पंकजबिक्रम नेम्वाङले प्यानल सहित उम्मेदवारी दर्ता गराएका छन् भने अध्यक्ष पदकै लागि फ्रेन्ड्स क्लबका राजिव पौडेलले पनि उम्मेदवारी दर्ता गराएका छन्। तीन अध्यक्षका प्रत्यासीले निर्वाचन समितीले तोकेको समयभित्र छुट्टा छुट्टै कार्यक्रम गरेर घोषणा गरेका थिए। १ वरिष्ठ उपाध्यक्ष पदमा कुल दुई जनाको उम्मेदवारी परेको छ । कर्माछिरिङ शेर्पा प्यानलबाट वरिष्ठ उपाध्यक्षमा सरस्वती क्लबका अध्यक्ष शिक्षित पराजुलीले उम्मेदवारी दर्ता गराउँदा पंकजको प्यानलबाट सिन्धुपाल्चोक जिल्ला फुटबल संघबाट वीरबहादुर खड्काले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै ४ उपाध्यक्ष पदमा शेर्पा प्यानलबाट कुमार केसी, बिज्ञानराज शर्मा, उपेन्द्रमान सिंह र रत्नकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन भने पंकजको प्यानलबाट विराटजंग शाही, सुन्दरनरसिंह जोशी, दावा लामा र दीपक खतिवडा गरी कुल ८ उम्मेदवारले मनोनय दर्ता गराएका छन् । १३ खुल्ला सदस्यको पदमा शेर्पा प्यानलबाट दिपक थापा, प्रविण यादव, रुपेश अधिकारी, लोकेन्द्र गुरुङ, रामराज गुरुङ, टीका लामा, प्रदेशसिंह राठोर, भरत बढ थापा, अनिल श्रेष्ठ, रमेश ब्यञ्जनकार, मणीराज विष्ट र मनिष जोशीले उम्मेदवारी परेको छ । उता पंकजको प्यानलबाट खुल्ला सदस्य सुरेन्द्र सिखाकार, निरोज खड्गी, प्रविणकुमार सुवाल, पुरुषोत्तम थापा, महेन्द्र क्षेत्री, विकास नारायण श्रेष्ठ, नेपाल कार्की, विजय घले, मिलन गुरुङ, कृष्णमुरारी गुरुङ, कुमार कटुवाल, सम्भु सिंह ठकुरी, रमेशकुमार श्रेष्ठ, बिनोद लामा तामाङ, मणिकुमार लिम्बु, तपेश्वर कुर्मी, मानदेव हाजार, रविन्द्र चन्द, अनिल मल्ल, भोजराज शाही, दिपेन्द्र धिमालको उम्मेदवारी परेको छ। यससँगै खुला सदस्यमा कुल ३६ जनाको उम्मेदवारी परेको छ। यस्तै महिला सदस्यमा बिमला पौडेल, सरिता श्रेष्ठ, बिन्द्रा देवन, पेमा डोल्मा लामा, विना नबाछे श्रेष्ठले उम्मेदवारी दिएका छन्। एन्फा निर्वाचनका लागि जिल्ला क्लब लगायत गरेर कूल ८७ मताधिकार रहनेछ। एन्फाको आगामी चार वर्षे कार्यकालका लागि हुन लागेको निर्वाचनका लागि ४५ जिल्ला, १४ 'ए' डिभिजन क्लब, ११ 'बी' डिभिजन क्लब र ९ 'सी' डिभिजन क्लब, एन्फा अन्तर्गत रहेका खेलाडी संघ, प्रशिक्षक संघ, महिला संघ र रेफ्री संघ, राष्ट्रिय लिगका लागि छनोट भएका चार क्लबले मतदान गर्न पाउनेछन्।

तर तोकिएको समयमा जिल्ला निर्वाचन गर्न नसकेको सिन्धुली र भक्तपुरको भने एन्फा निर्वाचनमा मताधिकार नपाउने भएका छन्। सिन्धुलीले तोकेको समयमा निर्वाचन गर्न नसकेको र भक्तपुरको आन्तिरक विवादले गर्दा केन्द्रीय निर्वाचनमा सहभागी नहुने भएका हुन्। एन्फा महासचिव इन्द्रमान तुलाधरले प्रकिया पूरा नभएको र अहिलेसम्म दुवै जिल्लाले प्रतिनिधि नपठाएको अहिलेको अवस्थामा निर्वाचनमा सहभागी नहुने जानकारी दिए।

# आईपीएल : उपाधिका लागि गुजरात र राजस्थान भिड्ने

**काठमाडौं/एजेन्सी–** इन्डियन प्रिमियर लिग (आइपिएल) टी-२० क्रिकेट प्रतियोगिता २०२२ को फाइनलमा राजस्थान रोयल्स र गुजरात टाइटन्सबीच प्रतिस्पर्धा हुने भएको छ । राजस्थानले शुक्रबार राती दोस्रो क्वालिफायरमा रोयल च्यालेन्जर्स बेंगलोरलाई ७ विकेटले हराउँदै फाइनलमा स्थान पक्का गरायो ।

गुजरात भने राजस्थानलाई पहिलो क्वालिफायरमा ७ विकेटले हराउँदै फाइनलमा पुगेको थियो । भारतीय अलराउन्डर हार्दिक पान्ड्याको कप्तानीमा रहेको गुजरात पहिलो सिजनमै च्याम्पियन बन्न चाहन्छ । राजस्थान भने २००८ पछि पहिलो उपाधि जित्ने सोचमा हुनेछ ।

फाइनल आइतबार नरेन्द्र मोदी स्टेडियम अहमदाबादमा साँझ ८ : १५ बाट सुरु हुनेछ। यस सिजनमा राजस्थान र गुजरातबीच दुई खेल भएका छन् । दुबै खेलमा गुजरात विजयी भएको छ । लिगको खेलमा गुजरातले राजस्थानलाई ३७ रनले पराजित गरेको थियो ।

पहिलो क्वालिफायरमा अन्तिम ६ बलमा १६ रन चाहिँएको अवस्थामा डेविड मिलरले प्रसिद्ध कृष्णलाई लगातार तीन छक्का प्रहार गर्दै फाइनलमा पुऱ्याए । गुजरात राजस्थानमाथि लगातार तेस्रो जितका साथ च्याम्पियन बन्न चाहन्छ। राजस्थान त्यसको बदला फाइनलमा लिन खोज्नेछ।

शुक्रबार रातिको खेलमा बैंगलोरले दिएको १ सय ५८ रनको लक्ष्य राजस्थानले १८ ओभर १ बलमा ३ विकेट गुमाएर पूरा गऱ्यो । राजस्थानको जितमा जोस बट्लरले अविजित रहदै १ सय ६ रनको शतकीय इनिङ खेले । कप्तान सन्जु सामसनले २३ तथा याशभी जैशवालले २१ रन बनाए ।

देबदुत पडीकल ९ रनमा आउट हुँदा शिम्रन हिटमायर २ अविजित रहे । बैंगलोरका जोश हाजलउडले २ तथा वानिन्दु हसरंगा डी सिल्भाले एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको बैंगलोरले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५७ रन जोडेको थियो। बैंगलोरका रजत पटीदारले ५८ रनको अर्धशतकीय इनिङ खेले । कप्तान फाप डु प्लेसिसले २५ तथा ग्लेन म्याक्सवेलले २४ रन बनाए। साहबाज अहमेद १२ रनमा अविजित रहे । राजस्थानका प्रसिद्ध कृष्ण र ओबेड म्याककोयले ३/३ विकेट लिए।

मलेसियामा रोजगार | कम्पनी : CLASS A SECURITY SDN BHD
शहर : KUALALUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६४२ LT. No.: 263334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 45 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २२ गते (5 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Nepal Placement Agency Pvt. Ltd.
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851315903
Email: info@npajobs.com, Web.: www.npajobs.com
श्रम इजाजत नं.: ३९०/०५९/०६०

Khandadevi Rural Municipality
Office of the Rural Municipal Executive
Makadum, Ramechhap

Invitation for Bids

Date of publication: 29 May, 2022

Khandadevi Rural Municipality, Office of the Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. The Bidders can visit the PPMO website (www.bolpatra.gov.np/egp or www.khandadevimun.gov.np) for brief description.

| Contract ID No. | Name of Project | Estimated amount (Excluding VAT and Contingencies) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| KRM/NCB/SC -02/078/79 | Supply and Installation of Accessories for Smart Classroom | 36,20,500 | 1,05,000 | 3,000.00 |

Chief Administrative Officer

गो.हु.का.द.नं. ३३/०६९/०७०

१५ जेठ २०७९, आइतबार
29 May 2022, Sunday

## आर्थिक सर्वेक्षण

# चालु आवमा अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा यस्तो विस्तार ४.२५ प्रतिशत थियो । सरकारले शनिबार संसदमा प्रस्तुत गरेको आर्थिक सर्वेक्षण २०७८/७९ का अनुसार कोभिड-१९ महामारीको प्रभाव क्रमशः न्यून हुँदै गएको तथा ऊर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेका कारण नेपालको अर्थतन्त्रमा विस्तार भएको हो ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीका कारण सन् २०२० मा प्रायः सबै मुलुकहरुको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र संकुचित हुन पुगेको छ । आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसरहरु न्यून हुन पुगे । जसका कारण कम आय वर्गका मानिसको दैनिक जीवनयापनसमेत कष्टकर हुन पुग्यो रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि बढेर गयो ।

कोभिड-१९ को उत्परिवर्तनले विश्वलाई आक्रान्त बनाइरहेको भए पनि यस विरुद्धको खोपको उपलब्धतासँगै आर्थिक सामाजिक गतिविधि सामान्य बन्दै गएका छन् । आगामी दिनमा अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव कम



हुँदै जाने पूर्वानुमान रहे पनि रसिया युक्रेन युद्ध लम्बिन सक्ने, रसियामाथि थप प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा अप वृद्धि हुनसक्ने अनुमानका आधारमा सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ ।

चालु आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको कूल मूल्य अभिवृद्धि क्रमशः २.३ प्रतिशत ८.१ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७८/७९ को कूल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु ४८ खर्ब ५१ अर्ब ६२ करोडमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान सर्वेक्षणमा गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कूल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रदेश नं १ मा ५.४१ प्रतिशत, मधेस प्रदेशमा ४.८२ प्रतिशत बागमती प्रदेशमा ६.७४ प्रतिशत, गण्डकी प्रदेशमा ६.१७ प्रतिशत लुम्बिनी प्रदेशमा ५.३६ प्रतिशत, कर्णाली प्रदेशमा ५.४७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत हुने अनुमान रहेको उल्लेख छ ।

आर्थिक वर्ष २०७७/७८ मा कूल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७८/७९ मा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कूल लगानी २५.९ प्रतिशतले संकुचन भएकामा पछिल्ला दुई वर्षमा यस्तो लगानी बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा २९.३ प्रतिशतले वृद्धि भएको कूल लगानी चालु आर्थिक वर्षमा १८.१ प्रतिशतले वृद्धि भई रु १८ खर्ब सात अर्ब २९ करोड पुग्ने अनुमान उत्पादनसँग कूल लगानीको अनुपात ३४.८ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा वृद्धि भई ३७.३ प्रतिशत पुग्ने अनुमान आर्थिक सर्वेक्षणले गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा प्रचलित मूल्यको प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन १२.३ प्रतिशतले बढेर रु एक लाख ६४ हजार ५९८ पुग्ने अनुमान छ । आर्थिक वर्ष २०७७/७८ मा यस्तो यस्तो प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन रु एक लाख ४६ हजार ५२१ रहेको थियो ।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्यपदार्थ तथा आयातीत कच्चापदार्थलगायत अन्य वस्तु तथा सेवाहरूमा भएको मूल्यवृद्धिका कारण मुद्रास्फीतिमा चाप परेको सर्वेक्षणमा उल्लेख छ । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ३.५ प्रतिशत रहेको थियो ।

### नीति तथा कार्यक्रम पारित

# आगामी आर्थिक वर्षको बजेट आज

**काठमाडौं / मस** - सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रतिनिधिसभाबाट पारित भएको छ । राष्ट्रपति विद्या भण्डारीले गत जेठ १० गते संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरेको सो नीति तथा कार्यक्रम प्रतिनिधिसभाको शनिबारको दोस्रो बैठकमा बहुमतले पारित भएको हो ।

बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले सो नीति तथा



कार्यक्रम निर्णयार्थ पेस गरे लगत्तै सांसदहरूको बहुमतले पारित गरे । यस अघि सांसदहरू भीमबहादुर रावल, शेरबहादुर तामाङ, दुर्गा पौडेल र प्रेम सुवालले राखेको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको संशोधन प्रस्ताव अस्वीकृत भएको थियो ।

सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट आज दिउँसो ४ बजे प्रस्तुत गर्ने भएको छ । संविधानको धारा ११९ बमोजिम अर्थमन्त्री जनार्दन शर्माले आर्थिक वर्ष २०७९/८० को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नेछन् । बजेट प्रस्तुतिका लागि सांसदहरूलाई दिउँसो ३ बजेर ३५ मिनेटभित्रै संसद भवनमा प्रवेश गर्न सभामुख सापकोटाले रुलिङ गरेका छन् ।

# अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न दलहरुबीच एकता आवश्यक : अध्यक्ष दाहाल

**काठमाडौं / रासस** - नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्रको सम्बर्द्धन एवम् उन्नयन गर्ने विषयलाई सरकारको नीति तथा कार्यक्रममार्फत सम्बोधन गरिएको बताएका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्दै उनले नीति कार्यक्रममा अपुग भएका विषयलाई प्रधानमन्त्रीले सम्बोधनका क्रममा समेट्नुहुने विश्वास व्यक्त गरे । राष्ट्रपति विद्यादेवी भण्डारीले यही जेठ १० गते सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन् ।

राजनीतिक दलकाबीचमा साझा धारणा निर्माण गरी सहकार्यको वातावरण बनाउनुपर्नेमा जोड दिँदै उनले राष्ट्रिय समस्या समाधानका लागि पनि सबै राजनीतिक दलबीच एकता हुनुपर्नेमा जोड दिए । एक अर्कालाई दोषारोपण गरेर मात्रै समस्याको समाधान नहुने उल्लेख गर्दै उनले मुलुकको समस्या समाधानका लागि साझा



प्रयास, संकल्प आवश्यक रहेको उल्लेख गरे । 'देशको विद्यमान समस्या समाधान गर्नका लागि एकै ठाँउमा उभिनुपर्ने बेला राजनीतिक दल एक आपसमा घोचपेच गर्ने, दोषारोपण गर्नेतर्फ लागेकामा मलाई चिन्ता लागेको छ', पूर्वप्रधानमन्त्री दाहालले भने, 'स्थानीय तहको निर्वाचनमा कुन राजनीतिक दलको सिट कति बढ्यो वा घट्यो भन्दा पनि संविधान कार्यान्वयनको प्रक्रिया अगाडि बढ्यो वा बढेन भन्ने विषय नै यतिबेलाको प्रमुख विषय हो ।' संघीय लोकतान्त्रिक गणतन्त्रलाई कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तहको निर्वाचनले संविधान मिच्न चाहने प्रवृत्तिलाई राम्रो जवाफ दिएको उल्लेख गर्दै उनले संघर्ष र बलिदानबाट प्राप्त भएको उपलब्धिलाई जोगाउन जुनस्तरको तत्परता देखापर्‍यो त्यसले सहज वातावरण बनाएको बताए । उनले स्थानीय तहको निर्वाचन एकै चरणमा नै सफल बनाउन लाग्ने सरकार, राजनीतिक दल, मतदाता एवम् सबै वर्ग, समूह तथा नागरिक समाजलाई धन्यवाद दिए ।

अध्यक्ष दाहालले पेट्रोलियम पदार्थमा लगाइएको कर हटाएर भए पनि जनतालाई राहत दिन आफूले प्रधानमन्त्री शेरबहादुर देउवालाई आग्रह गरिसकेको सदनलाई जानकारी दिए । उनले सरकारको नीति तथा कार्यक्रमले कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, ऊर्जालगायतका विषयमा प्राथमिकता दिएकाले सही मार्गमा डोहोरिएको बताए । मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने नीति कार्यक्रम र बजेट ल्याउन सरकारलाई सुझाव दिँदै उनले दक्षिण छिमेकी मुलुकले केही खाद्यान्न निर्यातमा रोक लगाएका अवस्थालाई अवसरका रुपमा लिनुपर्ने बताए । 'नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउनका लागि के कस्ता नीति बनाउनुपर्ने, के कस्तो मेहनत गर्नुपर्ने अब गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ ।'

# पेट्रोलियम पदार्थ उत्खनन् गर्न दुई वर्ष समय थप



**काठमाडौं / रासस** – पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न दुई वर्ष समय थपिएको छ । जिल्लाको ज्वाला क्षेत्रमा जारी अन्वेषण तथा उत्खननका लागि समय थपिएको हो । पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि सन् २०२२ फेब्रुअरी २८ सकिएपछि २०७८ चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि दुई वर्ष समय थप गरेको खानी तथा भूगर्भ विभागका भूगर्भविद् डा. गणेशनाथ त्रिपाठीले बताए ।

उनले कोभिड महामाहारीका कारण बन्द भएको काम चिनियाँ टोली नेपाल आउनसाथ पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननअन्तर्गत दोस्रो चरणको काम सुरु हुने बताए । 'कोभिड महामारीका बेलादेखि नेपाल र चीनबीच सिधै हवाइसेवा सञ्चालन हुन सकेको थिएन', त्रिपाठीले भने, 'अब चिनियाँ टोली नेपाल आउन तयार छ ।' सदियौंदेखि पानीमाथि आगो बल्दै आएको ज्वाला क्षेत्रको नाविस्थान, श्रीस्थान, कोटिला, तल्लो डुङ्गेश्वर र पादुकालगायत क्षेत्रलाई आधार बनाएर पेट्रोलियम पदार्थ अन्वेषणका लागि नेपाल सरकार र चीन सरकारको जिओलोजिकल सर्वे कम्पनीबीच सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता भएको थियो ।

पेट्रोलियम पदार्थ अन्वेषणका लागि तीन वटा पूर्वपश्चिम र सात वटा उत्तर दक्षिण दिशामा खनिएका १० सिस्मिक लाइनमा सर्वेकार्य सकिएपछि अन्वेषणका लागि गरिने मुख्य ड्रिलिङको काम सुरु गर्ने भनिए पनि कोरोनाका कारण काम प्रभावित बनेको थियो ।

# नक्साल नारायणचौरमा स्ट्याण्डर्ड चार्टर्डको नयाँ शाखा



**काठमाडौं / मस** -स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले काठमाण्डौको नक्साल नारायणचौरमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । सो शाखा लाजिम्पाटबाट स्थानान्तरण गरिएको हो । शुक्रबार एक कार्यक्रमकाबीच उक्त शाखाको उद्घाटन नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले गरिन् । सो कार्यक्रममा बैंकका निर्देशक भरत कुँवर, ग्राहक तथा वरिष्ठ कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दस्तीदारले भने, 'हामी नयाँ शाखाबाट हाम्रा विद्यमान र नयाँ ग्राहकहरूलाई सेवा दिन पाउँदा हर्षित छौं । नयाँ स्थानबाट ग्राहकहरूलाई डिजिटल र स्मार्ट सेवा प्रदान गरिनेछ । ग्राहकहरूका लागि सेवा सुविधा बढाउन बैंकसँग उच्च डिजिटल क्षमता रहेको छ ।' बैंकले शाखामा नयाँ खाता खोल्नका लागि विभिन्न अफरहरू पनि ल्याएको छ ।

# निजी प्रयोजनका सवारी साधनमा एलसी खोल्न नाडाको माग

NADA Automobiles Association of Nepal

**काठमाडौं / मस** - नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले निजी प्रयोजनका हल्का कार, जीप र भ्यानको प्रतितपत्र (एलसी) खोलिदिन सरकारसँग माग गरेको छ । नाडाले शुक्रबार नेपालमा अटोमोबाइल क्षेत्रको योगदान र यस व्यवसायमा देखा परेका समस्याहरुलाई केलाउदै सरकारसँग यस्तो माग गरेको हो ।

एक खर्ब रुपैयाँ भन्दा बढीको लगानी रहेको, हरेक बर्ष एक खर्ब ५० अर्ब रुपैयाँभन्दा बढी राजश्वमा योगदान पुऱ्याउँदै आएको र एक लाखभन्दा माथिकालाई प्रत्यक्ष रुपमा रोजगारी दिइरहेको अटोमोबाइल क्षेत्रलाई राज्यले उपेक्षा गर्न नहुने नाडाले बताएको छ ।

उसो त सरकारले पछिल्लो समय तीव्र आयातका कारण विदेशी मुद्राको सञ्चितिमा दबाब परेपछि विलासिताको वस्तु भन्दै गाडीको आयातमा रोक लगाउँदै एलसी बन्द गरेको थियो । योसँगै नाडाले केही दिनअघि मात्रै निजी प्रयोजनका कार, जीप र भ्यानको आयात खुल्ला गरिदिन अर्थ मन्त्रालयसँग माग गरेको थियो ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।



हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेस प्रदेश, नेपाल

नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।



३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।



४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ